# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १२२ | काठमाडौं | शनिबार, ०७ भदौ २०८२ | Prabhab National Daily | Saturday, 23 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# कांग्रेसको नेतृत्वमा शशांकको दाबी

## संस्थापनइतरबाट डा. शेखर बलियो उम्मेदवार, महामन्त्री थापा पनि दौडमा

- संस्थापन पक्षबाट पूर्वमहामन्त्री डा. शशांक कोइरालालाई अघि सार्ने तयारीमा सभापति देउवा
- संस्थापनइतरबाट विभिन्न नेताको नेतृत्वमा दाबी रहे पनि डा. शेखर कोइराला बलियो उम्मेदवार
- बिपी कोइरालाका पालाको जस्तो कांग्रेस बनाउन आफू कांग्रेसको सभापति बन्नैपर्ने शशांकको तर्क



■ प्रभाव संवाददाता

**काठमाडौं–** विधानअनुसार आउँदो मंसिरमा हुनुपर्ने नेपाली कांग्रेसको १५औं महाधिवेशन अनिश्चित छ। तर, पार्टी सभापति शेरबहादुर देउवाले आफ्नो 'सक्सेसर' मिडिया ट्रायलमा ल्याएका छन्। उनका अघिल्ला महामन्त्री डा. शशांक कोइरालालाई उनले अघि सार्ने तयारी धेरै अघिबाटै हो।

यही मेसोमा डा. शशांकले पनि नेतृत्वका लागि दाबी प्रस्तुत गरेका छन्। शुक्रबार जनकपुर पुगेका शशांकले आफू कांग्रेस सभापति बन्नैपर्ने अवस्था आएको जिकिर गरे। 'मैले बिपी कोइरालाका पालाको जस्तो कांग्रेस बनाउन खोजेको छु। त्यही कारणले म कांग्रेसको सभापति बन्नुपर्छ,' शशांकले भने। आफू लाखौं कमाउन छाडेर राजनीतिमा आएको तर्क गर्दै शशांकले कांग्रेसलाई कार्यकर्ताले खोजेजस्तै बनाउने दाबी गरे। 'सहयोग गर्नुहोला, म तपाईंहरूले खोजेको कांग्रेस बनाएरै छाड्छु' उनले भने।

बिहीबारमात्र ऊर्जामन्त्री दीपक खड्काले अबको सभापति शशांक भएको बताएका थिए। शशांक योग्य व्यक्ति र पार्टी संस्थापक बिपी कोइरालाका पुत्र भएकाले उनको स्वाभाविक हक रहेको खड्काको भनाइ छ। 'प्रतिस्पर्धा हुन्छ। तर, शेरबहादुर देउवापछि डा. शशांक कोइराला नै पार्टी सभापति बन्नुहुन्छ।

⏭ क्रमशः पृष्ठ २ मा

### संस्थापनइतरबाट डा. शेखर र गगन दाबेदार

संस्थापनइतरमा डा. शेखर कोइरालाले फेरि पनि सभापतिमा उम्मेदवारी दिने तयारी गरेका छन्। शेखर टिमबाटै महामन्त्री जितेका गगन थापा पनि सभापतिकै तयारीमा जुटेका देखिन्छन्। शेखर र गगनको पछिल्लो दौडधुप गण्डकी, लुम्बिनी र कर्णालीमा केन्द्रित देखिन्छ। नेता शेखरसँग केन्द्रीय सदस्यहरू एनपी साउद, डा. मिनेन्द्र रिजाल, नैनसिंह महर, दिनेश कोइरालाहरू मञ्चमा देखिन्छन्। पछिल्लो दिनमा सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिना, बालकृष्ण खाण पनि थपिएका छन्।

बागमती प्रदेशको मुख्यमन्त्री प्रकरणका कारण बहादुरसिंह लामा पनि शेखर पक्षमा लागेको बताइन्छ।

⏭ क्रमशः पृष्ठ २ मा

# बिपी राजमार्गको आकस्मिक सूचना प्रणाली वर्षौंदेखि प्रयोगविहीन

- बिपी राजमार्गमा जडित इआइएस बोर्डमा करिब पाँच वर्षदेखि आवश्यक सूचना अद्यावधिक गरिएको छैन
- तीन वर्षअघि उक्त प्रणाली सञ्चालनार्थ अध्ययन गरिए पनि आवश्यक सूचना दिन नसकिएको सडक डिभिजन कार्यालय भक्तपुरको भनाइ



■ राजकुमार पराजुली

**काभ्रेपलाञ्चोक–** २०८१ असोज दोस्रो साताको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गत भकुण्डे-सिन्धुली सडकखण्ड क्षतविक्षत बन्यो। सयौं सवारीसाधनका हजारौं यात्रीलगायत अलपत्रमा परे। राजमार्गको विभिन्न स्थानमा बाढीपहिरोले सडक अवरुद्ध हुँदा सडकखण्डका बीचमा अलपल परेका यात्रीलाई स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको पहलमा हवाई उद्धार गर्नुपरेको थियो।

उक्त राजमार्गमा राखिएको आकस्मिक सूचना प्रणाली (इआइएस) बोर्डमा सूचना अद्यावधिक गरिएको भए भने त्यति ठूलो संख्यामा यात्री अलपत्र पर्ने थिएनन्। सिन्धुलीबाट काठमाडौंतर्फ आउने र काठमाडौंबाट त्यसतर्फ जाने यात्रीलाई सडक अवरुद्ध एवं जोखिमपूर्ण रहेको सूचना दिएको भए हजारौं यात्रीले त्यसबेला सास्ती खेप्नुपर्ने पनि थिएन। संघीय राजधानी काठमाडौंलाई मध्यपहाडसँगै पूर्वी तराईसँग जोड्ने छोटो दूरीका रूपमा रहेको बिपी राजमार्गमा जडित इआइएस बोर्डमा करिब पाँच वर्षदेखि आवश्यक सूचना अद्यावधिक गरिएको छैन।

तीन वर्षअघि उक्त प्रणाली सञ्चालनार्थ अध्ययन गरिए पनि आवश्यक सूचना दिन नसकिएको सडक डिभिजन कार्यालय भक्तपुरले जानकारी दिएको छ। राजमार्गको धुलिखेल-सिन्धुली-बर्दिबास सडकखण्डमा तात्कालिक अवस्थाबारे जानकारी दिने उद्देश्यले काभ्रेपलाञ्चोकको धुलिखेललगायत सिन्धुलीको बर्दिबाससम्म पाँच स्थानमा दशकअघि सडक हस्तान्तरणलगत्तै विभिन्न स्थानमा डिजिटल सूचना बोर्ड राखिएको थियो। राजमार्ग प्रवेशस्थल काभ्रेपलाञ्चोकको धुलिखेलस्थित बोर्डमा पनि मौसमअनुसारको सूचना अद्यावधिक गर्न नसकेको जनाइएको छ।

⏭ क्रमशः पृष्ठ २ मा

> इआइएस मर्मत र सञ्चालन निकै चुनौतीपूर्ण छ। जनशक्ति र आवश्यक बजेटसहित यस वर्ष सञ्चालन गर्ने प्रयास गर्नेछौं।
>
> ■ **सुमन योगेश**
> सिडिई एवं कार्यालय प्रमुख
> सडक डिभिजन कार्यालय भक्तपुर

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगारमा रहेका १८ लाखभन्दा बढी श्रमिक कोषमा आबद्ध

■ प्रभाव संवाददाता




**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले हालसम्म वैदेशिक रोजगारीमा जाने १८ लाख ३५ हजारभन्दा बढी श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भइसकेको बताएका छन्। शुक्रबारको प्रतिनिधिसभा बैठकमा नेकपा माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री भण्डारीले कोषलाई सबै श्रमिकसम्म पुऱ्याउन सरकार गम्भीर रहेको बताए।

विदेश जाने श्रमिकलाई नेपालले मात्र सामाजिक सुरक्षा कोषमा आबद्ध गराएको मन्त्री भण्डारीको दाबी थियो। 'वैदेशिक रोजगारमा जाने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने स्किम ल्याउने देश नेपालमात्रै हो,' मन्त्री भण्डारीले भने।

उनले छ लाख १३ हजार ७१८ जना औपचारिक क्षेत्रका श्रमिक कोषमा आबद्ध भइसकेको बताए। उनका अनुसार हालसम्म २१ हजार ३९२ औपचारिक रोजगारदाता दर्ता भइसकेका छन्। साथै ७७६ जना अनौपचारिक क्षेत्रका श्रमिक र ४७६ जना स्वरोजगार व्यक्तिहरूलाई पनि कोषमा समेटिएको छ।

उनले अनौपचारिक क्षेत्रमासमेत श्रम निरीक्षणको व्यवस्था गर्न नेपाल सरकारले आइएलओ कन्भेन्सन ८१ र ८७ अनुमोदन गर्ने प्रक्रियामा रहेको जानकारी दिए। 'यो अभियान हाम्रो आफ्नै भविष्यका लागि हो, वृद्धावस्थामा कसैसँग हात थाप्न नपर्ने गरी आफ्नै पेन्सनबाट जीवन धान्न सकिन्छ,' उनले सांसदहरूलाई कोषको विस्तारमा सहयोग गर्न आग्रहसमेत गरे।

⏭ क्रमशः पृष्ठ २ मा

# आप्रवासी श्रमिकका लागि निवृत्तिभरण र बचत कार्यक्रम ल्याउँदै साउदी अरेबिया

**काठमाडौं (प्रस)–** साउदी अरेबियाले आप्रवासी श्रमिकहरूका लागि नयाँ स्वेच्छिक निवृत्तिभरण र बचत कार्यक्रम चाँडै सार्वजनिक गर्ने तयारी गरेको छ। यो कार्यक्रम विदेशी कामदारका साथै साउदी नागरिकहरूका लागिसमेत विस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को पछिल्लो परामर्श रिपोर्टमा उल्लेख भएको साउदीका सञ्चारमाध्यमले उल्लेख गरेका छन्।

चाँडै घोषणा हुने भनिएको सार्वजनिक निवृत्तिभरण र बचत कार्यक्रमले श्रमिकको रेमिटचान्सलाई विदेशमा खर्च हुनबाट जोगाउँदै स्वदेशी बचतलाई बढाउने विश्वास गरिएको छ। सन् २०२४ मा साउदी अरबबाट विदेशी कामदारहरूले १४४.२ बिलियन साउदी रियाल अर्थात् ३८.४ बिलियन डलर घर पठाएको तथ्यांक छ। जुन अघिल्लो वर्षको तुलनामा १४ प्रतिशतले बढेको जनाइएको छ। सन् २०१५-२०२४ को एक दशकको अवधिमा १.४२ रियाल सञ्चित गरेको भनिएको छ।

⏭ क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### कांग्रेसको...

पार्टीको महामन्त्री भइसकेकाले पार्टी कसरी चलाउने ज्ञान उहाँसँग छ,' लहान पुगेर खड्काले भने। १३औं महाधिवेशनमा संस्थापनइतरबाट महामन्त्री बनेका शशांकले देउवालाई पूर्णसाथ दिएका थिए। त्यतिमात्र हैन १४औं महाधिवेशनमा देउवालाई सघाउन उनले केन्द्रीय सदस्यमामात्र उम्मेदवारी दिएका थिए । यसै कारण पनि देउवाले शशांकलाई नै 'सक्सेसर'का रूपमा अघि सार्ने तयारी गरेको नेताहरू बताउँछन् ।

#### तीन भाइको साथ, सिटौला पनि थपिए

शशांकलाई साथ दिने तयारीका साथ आफूहरू लिगेसी बोकेका नेता भन्दै प्रकाशमान सिंह र विमलेन्द्र निधि छलफलमा जुटेको धेरै भयो । यी तीन भाइ पालैपालो आफ्नो निवासमा जुट्छन् । महिना दिनअघि प्रकाशमान निवास चाक्सीबारीमा जुटेका थिए । उक्त भेलामा कांग्रेसमा 'थर्ड पोल' (तेस्रो धार)का रूपमा चिनिएका कृष्णप्रसाद सिटौला पनि मिसिएका थिए । विभिन्न कारण कर्नरमा पुगेका सिटौला पछिल्लोपटक पाका नेताहरूको साथको खोजीमा देखिन्छन् ।

■■■

### संस्थापनइतरबाट ...

यता महामन्त्री थापासँग केन्द्रीय सदस्यहरू उमेशजंग रायमाझी, अजयबाबु शिवाकोटी, राधा घलेलगायत नेताहरू देखिन्छन्। थापाले शेखरबाट धार अलग गरिसकेको र सभापतिको उम्मेदवारी दिने पक्का भइसकेको उनीनिकट केन्द्रीय सदस्यहरू बताउँछन्।

यद्यपि संस्थापनइतरमा डा. शेखर नै बलियो उम्मेदवार देखिन्छन्। १४औं महाधिवेशनमा सभापतिमा शेखरले एक हजार ८१७ मत पाउँदा थापाले महामन्त्रीमा तीन हजार २३ मत पाएका थिए । यो समूहमा शेखरले संसदीय दलको निर्वाचनमा पनि एक भएर थापालाई साथ दियो । यद्यपि, सभापति शेरबहादुर देउवाले ६४ मत पाउँदा महामन्त्री थापाले २५ मतमात्र पाए । त्यसपछि थापाले सात मत हराएको भन्दै शेखरसँग असन्तुष्टि जनाउन थाले । दुई नेताबीच बेलाबेला तीक्तता आएको खबर आए पनि शेखरले यसलाई अस्वीकार जारी राख्यो ।

सत्ताको रस्साकस्सीको क्रममा संस्थापनइतरले मौका पाइराख्दा महामन्त्री थापाले आफ्नो भाग नपाएको भन्दै असन्तुष्टि जनाइरहे । कोशीमा केदार कार्की मुख्यमन्त्री बनेपछि शेखर-गगनको बोलचाल महिना दिन बन्द नै भएको थियो ।

यद्यपि, २०८० असोज २ गते दुई नेताबीच बालुवाटारस्थित शेखरको सचिवालयमा केन्द्रीय समितिमा प्रस्तुत हुने एजेण्डाबारे छलफल हुँदा गगन उपस्थित भएका थिए । त्यसपछि २०८० मंसिर २६ गतेका लागि शेखरले डाकेको बैठकमा थापाले असन्तुष्टि जनाउँदै नआउने सूचना पठाए । उक्त बैठक भोलिपल्टका लागि सारेपछि थापा ढिलागरी बैठकमा पुगेका थिए। यसरी नै असन्तुष्ट थापा पछिल्लोपटक भने सभापति देउवासँग नजिक छन् ।

दुई नेताबीच जेठ २ गते बालुवाटारस्थित शेखरको सम्पर्क कार्यालयमा भेट भएको थियो। उक्त भेटलाई शेखरले आफूहरू सँगै रहेको सन्देश दिन खोजेका थिए । तर, महामन्त्री थापापक्षले यसको खण्डन गरिसकेको छ। क्रियाशील सदस्यता विवादमा शेखरपक्षले असहयोग गरेको भन्दै थापा सहयोग माग्न त्यहाँ पुगेका थिए। थापा क्रियाशील व्यवस्थापन समितिका संयोजक हुन्। क्रियाशील विवाद नटुंगेपछि यसका म्याद पटक-पटक थपिँदै आएको छ। महाधिवेशनका लागि आवश्यक क्रियाशील सदस्यता नवीकरणको म्याद असोज मसान्तसम्मका लागि थपिएको छ ।

■■■

### बिपी राजमार्गको...

उक्त बोर्डमा तीन वर्षअघिसम्म सामान्य सूचना डिस्प्ले हुँदै आएको थियो । सडक हस्तान्तरणपछि कन्सल्टयान्टद्वारा व्यवस्थित गरिएको इआइएसको समयावधि सकिएपछि केही समय सञ्चालन भए पनि अपडेटसहित निरन्तरता दिन नसकिएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताए । उनका अनुसार यस वर्ष मर्मत गरी उक्त प्रणालीलाई सञ्चालन गरिने छ । 'इआइएस मर्मत र सञ्चालन निकै चुनौतीपूर्ण छ। जनशक्ति र आवश्यक बजेटसहित यस वर्ष सञ्चालन गर्ने प्रयास गर्नेछौं,' योगेशले भने । बिपी राजमार्ग अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको धुलिखेलबाट दायाँतर्फबाट सुरु हुन्छ।

इआइएस व्यवस्थित गरिएको सात वर्षपछि वि.सं. २०७९ मा सञ्चालनमा चासो राखेको विभागले पनि बजेट र जनशक्ति अभावका कारण उक्त राजमार्गको आकस्मिक सूचना प्रणाली प्रविधिलाई निरन्तरता दिन नसकेको जानकारी दिएको थियो । दुई वर्षअघिसम्म धुलिखेल र खुर्कोटको डिजिटल बोर्डमा 'सवारी चलाउँदा सचेत रहनुस्,' 'ट्राफिक नियमको पालना गरौं' जस्ता सामान्य सूचनाबाहेक 'डिस्प्ले' हुने गर्दथे । हाल यी बोर्ड राखिएको स्थानमा सरसफाइसमेत नहुँदा घाँस र रुख उम्रिएर बोर्ड छोपिने अवस्थामा पुग्दै छ ।

उक्त प्रविधिलाई पूर्णता दिई सञ्चालनमा ल्याउन सडक विभागले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को एक्सपोर्ट टिमलाई अध्ययन स्वीकृति दिएको थियो । उसको प्रतिवेदनपछि प्रणालीलाई निरन्तरता दिने योजना बनाइए पनि बजेट र जनशक्ति नहुँदा मर्मत गरी सञ्चालन गर्न नसकिएको विभागले जनायो । विभागले सडक निर्माणकर्ता जाइकाले सडकसँगै उक्त प्राणालीको विकास गरेको तर केही समयपश्चात् उक्त प्रविधिलाई जनशक्ति अभाव तथा अन्य प्राविधिक समस्याका कारण निरन्तरता दिन नसकिएको जनाउँदै आएको छ। उक्त मार्गलाई नेपालकै नमूना बनाउन यस्तो प्रणालीको विकास गरिएको आयोजनाले जानकारी दिएको थियो।

यस्तो प्रणालीले राजमार्गको अवस्था तथा आकस्मिक घटनामा तत्काल उद्धार गर्न सकिने संयन्त्र निर्माण गर्न सकिने अपेक्षा गरिएको थियो । बिपी राजमार्गलक्षित संघीय राजधानी काठमाडौंबाट अरनिको राजमार्ग प्रवेशक्षेत्र कोटेश्वरमासमेत एउटा सूचना बोर्ड राखिएको थियो। यस प्रणालीअन्तर्गत चारवटा केन्द्रमा स्थापना भएका 'अटोमेटिक रेनफेल अब्जर्भेसन सिस्टम'ले निरन्तर रूपमा वर्षात्को मापन गरेर सडक विभागस्थित 'डाटा सेन्टर'मा सूचना पठाउँछ । उक्त प्रणालीअन्तर्गत डेटा सेन्टरमा निरन्तर आउने प्रकोपका विवरण जिपिआरएस मोडेममार्फत मोबाइल, वेभसाइट र सडक सूचना बोर्डमा आफैं अपडेट हुन्छ । यी विवरणहरू 'एलइडी डिस्प्ले' बोर्डहरूमा नेपाली र अंग्रेजी दुवै भाषामा उपलब्ध हुने डिजाइन गरिएको थियो । चौबिसै घण्टा विवरण अपडेटमा लोडसेडिङले समस्या हुनसक्ने जनाउँदै सबै केन्द्रमा सौर्यशक्ति (सोलार)मार्फत विद्युत् आपूर्ति हुने व्यवस्था पनि मिलाइएको थियो ।

यस्तै राजमर्गामा वर्षा, बाढीपहिरोजस्ता प्राकृतिक प्रकोप तथा सडक दुर्घटनाबारे तत्काल मोबाइल, वेबसाइटमा जानकारी आउने व्यवस्था मिलाइने योजना बनाइएको थियो । यही जानकारी राजमार्गको वेबसाइट तथा कोटेश्वर, धुलिखेल, खुर्कोट, सिन्धुली र बर्दिबासमा रहको डिजिटल सूचना बोर्डमा पनि हेर्न सकिने प्रविधि जडान गर्ने आयोजनाको लक्ष्य थियो। राजमार्गको अवस्थाबारे मोबाइल तथा वेबसाइटमा जानकारी लिनसक्ने गरी १० वर्षअघि उक्त प्रविधि जडान गर्न सडकखण्डको विभिन्न स्थानमा सूचना प्रविधिका भौतिक पूर्वाधारलगाययत संरचना निर्माण तथा व्यवस्थापन गरिएको हो।

यस्तै वेबसाइट र सडकमा रहेका इलेक्ट्रिकल बोर्डका सूचना हेरेर पनि यात्रा तय गर्न सकिने योजनासमेत बनाइएको थियो । त्यसबेला राजमार्ग सञ्चालन तथा मर्मतसम्भारका लागि स्थापित उपआयोजनाले यस्तो प्रणालीको विकास गरेको थियो । विभागका अनुसार एन्ड्रोइडमा आधारित मोबाइल एप्लिकेशनसहित वेबसाइट र इआइएसलाई इञ्जिनियररिङ सफ्टवेयर कम्पनीले 'प्रणाली'समेत तयार पारिसकेको थियो। काभ्रेपलाञ्चोकको धुलिखेलबाट २०५४ सालबाट बनेपा-सिन्धुली बर्दिबास १६० किलोमिटर सडक विस्तार गरिएको थियो । चार खण्डखण्ड विभाजन गरी २०७२ साल असारमा निर्माण सम्पन्न गरी औपचारिकरूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। *रासस*

■■■

### वैदेशिक...

प्रदेश र स्थानीय तहसँग श्रम समन्वयको विषयमा सांसदको प्रश्नको जवाफ दिँदै मन्त्री भण्डारीले संविधानको मर्मअनुसार संघीय संरचनामा श्रम रोजगार सेवा एकीकृत गर्ने गृहकार्य भइरहेको स्पष्ट पारे । उनका अनुसार प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयलाई रूपान्तरण गरी प्रादेशिक श्रम तथा रोजगार कार्यालय बनाउने प्रक्रिया अघि बढाइएको छ ।

त्यसैगरी स्थानीय तहमा रोजगार सेवा केन्द्रलाई विस्तार गरी संघ, प्रदेश र स्थानीय तहका कार्यक्रमलाई एकीकृत गर्ने तयारी भइरहेको उनले बताए । 'सरकारले आन्तरिक रोजगारीको माग सम्बोधन गर्न अलग्गै निकायको आवश्यकता देखेर नयाँ आन्तरिक रोजगार व्यवस्थापन महाशाखा गठन गरिसकेको छ,' मन्त्री भण्डारीले भने । उनका अनुसार हाल महाशाखाले रणनीतिक योजना तयार गर्दै छ र आन्तरिक रोजगार प्रवर्द्धन कार्यक्रमलाई तीनै तहको साझा कार्यक्रममा रूपान्तरण गर्ने काम अघि बढाइएको छ।

■■■

### आप्रवासी ...

२०२५ को पहिलो तीन महिनामा साउदी अरेबियाको सामाजिक बिमा प्रणालीमा एक करोड २८ लाख जना आबद्ध भएको त्यहाँको सरकारी तथ्यांक छ । यो संख्यामा लगभग ७७ प्रतिशत अर्थात् झण्डै एक करोड आप्रवासी श्रमिक छन् । नयाँ योजनाले कामदारहरूलाई आफ्नो कमाइको अधिकांश हिस्सा विदेश पठाउनुको सट्टा स्थानीयरूपमा बचत गर्ने र लगानी गर्ने अवसर दिने बुझिएको छ। जसले घरायसी बचतमा उल्लेखनीय वृद्धि गर्न र बाह्य रेमिटचान्स घटाउन सक्ने आँकलन गरिएको छ ।

आइएमएफको प्रतिवेदनले जुलाई २०२४ मा स्वीकृत भएर हालै लागू गरिएको पेन्सन सुधारहरूले दीर्घकालीन वित्तीय दिगोपनलाई बलियो बनाउने अपेक्षा गरेको उल्लेख गरेको छ। यी सुधारहरूमा सेवा निवृत्तिको उमेर बढाउने, योगदान अवधि बढाउने, योगदान दरहरू बढाउने र पेन्सन लाभहरू सीमित गर्ने विषय समावेश छन्।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति: २०७०/०५/१६ मा दर्ता भएको प्रा.लि.नं. ११५६७१ को **ए वन प्रोडक्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०५/०७**

यस कम्पनीको मिति २०८२/०४/०४को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **ई.सेन्टर डट कम** (दर्ता नं. २४१३४०) को नाममा रहेको चल -अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **नौका ट्रेडिङ कम्पनी प्रा.लि**. ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौं ।



जे.एस. अटोसेन्टर
का.म.न.पा.-१४, कुलेश्वर
को अ.प्रा. सुनिल श्रेष्ठको नाउँको

**रकम फिर्ता गर्ने सम्बन्धि ३५ दिने सूचना**

जिल्ला काठमाडौँ का.म.न.पा. वडा नं.-१४ कुलेश्वर स्थित जे.एस. अटोसेन्टरका अ.प्रा. तपाई सुनिल श्रेष्ठले मिति २०७३/११/०१ गते देखि मिति २०७४/०५/१५ गते सम्ममा बा १७ च १३९९ नं. को गाडी बिक्रि गर्ने भनि नगद तथा चेकमार्फत म जिल्ला बारा साविक भ. जितपुर वडा नं. -०३ हालको जितपुर सिमरा उ.म.न.पा. वडा नं.- ०७ घर भई हाल ऐ. ऐ. वडा नं.-११ बस्ने मंसुरलाह मियाको छोरा नजरुल हक मियाँ संग रकम रु. २३,१५,०००/- (तेइस लाख पन्ध्र हजार मात्र) रकम बुझी लिई मिति २०७३/११/०१ गतेका दिन जे.एस. अटोसेन्टर (र.नं. १०७०१७/ ०६९/ ०७०) को सम्झौतापत्रमा सहिछाप गरि गाडी खरिद बिक्रीको सम्झौता गर्नु भएकोमा उक्त: सम्झौतापत्रमा उल्लेखित गाडी आजका मिति सम्ममा पनि पास गरि नदिनु भएको र सो को बैना वापत पटक/पटक गरि लिनु भएको माथि उल्लेखित रकम विभिन्न मिति समयमा फिर्ता गर्ने भाखा म्याद दिनु भएता पनि आज सम्म फिर्ता नगर्नु भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र उक्त: बैना वापत पेश्की लिनुभएको रकम रु. २३,१५,०००/- रकम फिर्ता गर्नु होला अन्यथा उक्त: भाखा व्यतित भए पश्चात न्यायिक निकाय मार्फत उक्त: रकम असुल उपर तर्फ कानुन कारबाही अगाडी बढाउने व्यहोराको सूचना जानकारी गराउंदछु |

नजरुल हक मियाँ
साविक भ. जितपुर-०३ हालको
जि. सि. उ.म.न.पा.-११, बारा
सम्पर्क नं.- ९८६१२५०७१०



**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **MOBHIRA H.R. SERVICE PVT. LTD.** इजाजत नम्बर १००१/०६८/६९ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | सम्पर्क नं. | पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अनिष मैनाली | ९८०१३५७७३८ | डकुमेन्टेसन | चन्द्रपुर-२, रौतहट |
| २. | मनि कला राई | ९८०१३५७७३० | प्रबन्ध निर्देशक | चमैता-५, इलाम |
| ३. | अन्जना लामा | ९८०१३५७७३५ | डकुमेन्टेसन | चन्द्रपुर-२, रौतहट |
| ४. | ठीमा कुमारी थापा मगर | ९८६३६५५५४३ | कुक | फुल्पिङडाँडा-३, सिन्धुपाल्चोक |
| ५. | सर्मिष्ट राई | ९८०१३५७७४१ | रिसेप्शनिस्ट | खावा-९, भोजपुर |

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९



**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०५/०७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१।०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ९४ को १५९४.६० घनफिट काठ र साल जातको दाउरा ३.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - १, मकवानपुर**



**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०५/०७**

यस कम्पनीको मिति २०८२।०४।२६ को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **नोबेल डेन्टल केयर** (दर्ता नं. ३०८८९३) को नाममा रहेको चल -अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **श्री डेन्टल केयर प्रा.लि**. ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौं ।



**मूल्य सूचीको सूचना !**

यस रिलायन्स सुगर एण्ड **केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८२/०५/०८ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्त:शूल्क तथा मु.अ.कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.११५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.१२०/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा



**अमादब्लम मिनि हाईड्रो लि.**
**काठमाडौं महानगरपालिका-४, काठमाडौं**
**आ.व. २०८२/८३**

**संस्थापक शेयरधनीहरूलाई शेयर वापतको बाँकी रकम दाखिला गर्ने सम्बन्धी सूचना**

**शेयरधनी महानुभावहरू,**
**अमादब्लम मिनि हाईड्रो लि.**

कम्पनी ऐन, २०६३ को दफा ५३ (२) बमोजिम यस अमादब्लम मिनि हाईड्रो लिमिटेडको मिति २०८२/०५/०४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार, यस कम्पनीको शेयरधनी महानुभावहरूलाई यस कम्पनीको प्रति शेयर मूल्य रु.१००/- का दरले कबुल गर्नुभएको शेयर वापतको बाँकी रकम भुक्तानी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लेखित शेयरधनीहरूलाई आफ्नो नाममा बाँकी रहेको शेयर रकम यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस कम्पनीको नाममा सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार शाखामा रहेको खाता नम्बर ५५५०४००६४५० मा जम्मा गरी सोको जानकारी कम्पनीको कार्यालयमा गराउनु हुन हार्दिक अनुरोध गरिन्छ ।

तोकिएको समयभित्र बाँकी रकम भुक्तानी नगरिएको खण्डमा, कम्पनी ऐन, २०६३ को दफा ५३(३) बमोजिम र कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार तपाईंको शेयर जफत (खारेज) गर्न सकिनेछ र सो सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाइनेछ ।

**तपसिलः**
- **लक्ष्मण अधिकारी** : जम्मा शेयर संख्या : ७,००,०००, बाँकी रकम: रु. ६,४४,९०,०००/-.
- **फुथुण्डु शेर्पा** : जम्मा शेयर संख्या: १,५०,०००, बाँकी रकम: रु. ९२,९०,०००/-.
- **बेयुल हाइड्रो पावर इन्भेष्टमेन्ट प्रा.लि.**: जम्मा शेयर संख्या: १,९६,०००, बाँकी रकम: रु. ३,९०,०००/-.
- **आङ पासाङ शेर्पा** : जम्मा शेयर संख्या: १,५०,०००, बाँकी रकम: रु. १,४०,००,०००/-.
- **पेम्वा थुण्डु शेर्पा** : जम्मा शेयर संख्या: १,५०,०००, बाँकी रकम: रु. १,४०,००,०००/-.
- **लाक्पा डोमा शेर्पा** : जम्मा शेयर संख्या: १,५०,०००, बाँकी रकम: रु. १,४०,००,०००/-.
- **डोमा छिरी शेर्पा** : जम्मा शेयर संख्या: ४,०००, बाँकी रकम: रु. ३,००,०००/-.

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनीको सचिव**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

शनिबार, ०७ भदौ, २०८२

| | |
|---|---|
| **मेष** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **वृष** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **मिथुन** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **कर्कट** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **सिंह** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कन्या** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| **तुला** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **वृश्चिक** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **धनु** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **मकर** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **कुम्भ** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **मीन** | खानपान र पहिरनमा खर्च हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०७ भदौ , २०८२ (२३ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.८३ | १३९.४३ |
| युरो | १ को | १६२.१९ | १६२.८९ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.६७ | १८८.४८ |
| स्विस फ्रैन्क | १ को | १७२.३५ | १७३.१० |
| अस्ट्रेलियन डलर | १ को | ९०.०९ | ९०.४८ |
| क्यानाडियन डलर | १ को | १००.५२ | १००.९६ |
| सिङ्गापुर डलर | १ को | १०८.२० | १०८.६७ |
| जापानी येन | १० को | ९.३९ | ९.४३ |
| चिनियाँ युआन | १ को | १९.३४ | १९.४२ |
| साउदी अरब रियाल | १ को | ३७.०० | ३७.१६ |
| कतारी रियाल | १ को | ३८.०९ | ३८.२६ |
| थाई भाट | ख १ को | ४.२७ | ४.२९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.८० | ३७.९६ |
| मलेसियन रिङेट | १ को | ३२.८७ | ३३.०१ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १४.५५ | १४.६१ |
| डेनिस क्रोनर | १ को | २१.७३ | २१.८२ |
| हङकङ डलर | १ को | १७.७९ | १७.८७ |
| कुवेती दिनार | १ को | ४५४.२४ | ४५६.२१ |
| बहराइन दिनार | १ को | ३६८.२५ | ३६९.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# शुक्लाफाँटामा विश्वकै दुर्लभ १९ प्रजातिका चरा

■ राजेन्द्रप्रसाद पनेरु



**कञ्चनपुर–** हरिया फाँट, घना सालका जंगल र सिमसार क्षेत्रले सजिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज केवल बाघ, गैंडा र बाह्रसिंगाकै लागिमात्र चिनिएको छैन । यो राष्ट्रिय निकुञ्ज चराचुरुंगीका दृष्टिकोणले पनि अद्वितीय मानिन्छ । निकुञ्जमा ४६५ प्रजातिका चरा पाइने भए पनि तीमध्ये १९ प्रजाति विश्वमै दुर्लभ श्रेणीका चरा यहाँ पाइन्छन् ।

जसमा विश्वमै दुलर्भ सीमतित्रा, सारस, भुँडीफोर गरुड, खर मजुर, सानो खरमजुर, सेतो गिद्ध, डंगर गिद्ध, सानो खैरो गिद्ध, सुन गिद्ध, बोक्सी चिल, जीवहारा महाचिल, लघु महाचिल, सानो बौडाइ, राज लहाँचे, सेतो कण्ठे धिप्सी, कासेघाँसे, बरी, नरक भ्याकुर, सुनौलो तोप चरा, बगाल बगेडीलगायत चरा निकुञ्जमा पाइन्छन् ।

नेपाल पन्छी संरक्षण संघ (बिसिएन)का चराविज्ञ हिरूलाल डगौराका अनुसार ती दुर्लभ प्रजातिमध्ये सबैभन्दा संकटापन्न अवस्थामा खरमजुर रहेको छ । निकुञ्जमा यस चराको संख्या निकै कम छ । घाँसेमैदानमा बासस्थान बनाउने यो चरा शुक्लाफाँटाको पहिचानसँगै जोडिएको छ ।

यस्तै सुनौलो तोप चरा त शुक्लाफाँटामा मात्र पाइन्छ । घाँसेमैदानदेखि लालपानी, मोहनपुर, सिंहपुरजस्ता क्षेत्रमा यसको उपस्थिति देखिन्छ । घाँसेमैदान र सिमसार क्षेत्र नजिकका काँडेदार रुखहरूमा यस चराले गुँड लगाउने गर्छ । एउटै रुखमा यस चराका दर्जनौं गुँड रहने गर्दछन् । ठूलो धनेस र राजलहाँचेजस्ता प्रजाति भने निकुञ्जको घना सालको जंगलमा पाइने चराविज्ञ डगौरा बताउँछन् । हिउँदमा बसाइँ सर्ने क्रममा आउने सेतो कण्ठे धिप्सी, ताल-तलाउ वरिपरि बस्ने सारस तथा विभिन्न किसिमका गिद्दहरू पनि यहाँ पाइन्छन् ।

निकुञ्जमा गिद्दका आठ प्रजाति पाइन्छन् । जसमध्ये चार प्रजाति डंगर गिद्द, सानो खैरो गिद्द, सुन गिद्द र सेतो गिद्द अति संकटापन्न अवस्थामा छन् । डंगर गिद्दको संख्या केही बढेको भए पनि बाँकी प्रजातिहरूको संख्या अत्यन्तै न्यून रहेको चराविज्ञ डगौरा बताउँछन् । निकुञ्जमा पाइने गिद्दका प्रजाति अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आइयुसिएन)को रातो सूचीमा सूचीकृत रहेका छन् ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज हिउँदमा बसाइँ सारेर आउने चराहरूको गन्तव्यका रूपमा रहेको छ। कैले टाउके हाँसजस्ता दुर्लभ जलपन्छी हिउँदयाममा यहाँको तालतलाउमा आउने गर्दछ । नेपाल पन्छी संरक्षण संघले गरेको पछिल्लो सर्वेक्षणअनुसार निकुञ्ज र आसपासका सिमसार क्षेत्रमा करिब पाँच हजार ८८२ जलपन्छी पाइएका थिए । हिउँदयाममा सिमसार क्षेत्र चराले भरिभराउ हुने हुँदा यो निकुञ्ज पन्छी अवलोकनकर्ताका लागि पनि आकर्षण केन्द्र बनेको छ । तीन सय पाँच वर्गकिलोमिटरमा फैलिएको निकुञ्जमा ७१ प्रतिशत भाग वनले ढाकेको छ, जसमा सालको वन ८० प्रतिशतभन्दा बढी छ । यिनै वन र घाँसेमैदान चराको मुख्य बासस्थान हुन् ।

चराविज्ञ डगौराका अनुसार तालतलाउ जलकुम्भी र नरकटले ढाकिँदै गएर चराको खेल्ने ठाउँ साँघुरिँदै गएको छ । घाँसेमैदानमा चराको प्रजनन हुने बेला वैशाख-जेठतिर डढेलो लाग्दा गुँड र बासस्थान नष्ट हुने गर्दछन् । निकुञ्ज बाहिरका सिमसार क्षेत्र अतिक्रमण, खेतीपाती र संरचनात्मक विकासका कारण झन् संकुचित बन्दै गएका छन् ।

सामुदायिक वनमा हुने वृक्षरोपण पनि अर्को चुनौती बनेको छ । विज्ञहरूका अनुसार घाँसे फाँटमै प्रजनन गर्ने चरालाई यो कार्यले नोक्सान पुऱ्याइरहेको छ । 'घाँसको फाँटमै धेरै चराले गुँड बनाउँछन्, त्यहाँ रुख लगाइएपछि उनीहरूको बासस्थान हराउँछ,' डगौराले भने ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम बाग्लेका अनुसार निकुञ्जभित्र दुर्लभ चराको संरक्षणका लागि कार्य अगाडि बढाइँदै आएको छ । घाँसेमैदानमा बासस्थान भएका चराको बासस्थानलाई डढेलोले बढी क्षति पुऱ्याउने गरेको देखिएको छ । कहिलेकाहीँ हुरीबतासले गर्दा लाग्ने ठूलो डढेलोले रुखमा गुँड बनाउने चरालाई पनि समस्यामा पार्ने गरेको छ । चोरी-सिकार नियन्त्रण गर्न १४ वटा निकुञ्ज पोस्ट र नेपाली सेनाका १९ वटा पोस्ट स्थापना गरिएको छ ।

अहिलेसम्म दुर्लभ चराको चोरी-सिकार भएको आधिकारिक तथ्यांक नभएको उनको भनाइ छ । स्थानीय बासिन्दालाई चरा संरक्षणसम्बन्धी तालिम, गोष्ठी र छलफलमार्फत संघसंस्थाको सहयोगमा तथा निकुञ्ज आफैंले पनि चेतना फैलाउने कार्य गर्दै आएको छ । चराको प्राकृतिक बासस्थानमा खलल नपुगोस् भन्ने लक्ष्यसहित स्थानीय सरोकारवाला र निकुञ्ज प्रशासनले सहकार्य गर्दै आएका छन् । शुक्लाफाँटा केवल चरामात्र होइन, पाटेबाघ, एकसिंगे गैंडा, जंगली हात्ती, बाह्रसिंगा, नीलगाई, घडियाल गोही, चितुवालगायत दुर्लभ वन्यजन्तुको बासस्थान पनि हो । यही जैविक विविधता र चराचुरुंगीको समृद्धिले गर्दा यो निकुञ्ज विश्वभरिका अनुसन्धानकर्ता र पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । *रासस*



**रक्तदान गर्दै रक्तदाता** | भोजपुर सदरमुकामको स्थानीय टुँडिखेलमा ब्रह्माकुमारी राजयोग उपसेवा केन्द्रले आयोजना गरेको रक्तदान कार्यक्रममा शुक्रबार रक्तदान गर्दै रक्तदाता ।
*तस्बिरः निरोज कोइराला/रासस*

# काठमाडौं महानगरमा विपद्का घटनामा कमी

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा विपद्का घटनामा कमी आएको जानकारी दिएको छ। आर्थिक वर्ष २०८०/८१ मा कामपामा ४३१ विपद्का घटना घटेका थिए । गत आर्थिक वर्ष २०८१/८२ मा ४२५ विपद्का घटना घटेको कामपाले जानकारी दिएको छ। कामपा नगर प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद जोशीका अनुसार संख्यात्मकरूपमा विपद्का घटनामा गत आवमा कमी आए पनि शीर्षकगतरूपमा भने बढेको छ ।

उनका अनुसार शीर्षकगत रूपमा रूख कटान र जल उत्पन्नसम्बन्धी विपद्का घटना बढेका छन् । आगलागीका कारण अघिल्लो आर्थिक वर्षमा ३११ घटना घटेकामा गत आवमा १५२ मात्र आगलागीजन्य घटना घटेको तथ्यांक कामपासँग छ । उनका अनुसार कामपा क्षेत्रमा बत्तीको पोलमा हुने आगलागीका घटना बढी छन् । जोशीका अनुसार सडक किनारामा रूप रोप्ने काम जारी रहेको र पुराना रूख व्यवस्थापनको काम नभएकाले रूखबाट हुने विपद्का घटना बढेका हुन् । यस्ता घटनामा कमी ल्याउन कामपाले पुराना रूख व्यवस्थापन गरिरहेको उनले जानकारी दिए ।

बत्तीको पोलमा हुने आगलागीका घटना विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाले अस्तव्यस्त रूपमा राखेको तारको कारणले हुने गरेको कामपाको ठहर छ । त्यसैगरी थोत्रा ग्यास सिलिण्डरको प्रयोग, ग्यास पाइप र रेगुलेटरको नियमित परीक्षण नगर्दा आगोजन्य विपद्का घटनामा कमी आउन नसकेको उपरीक्षक जोशीको भनाइ छ ।

# डेंगी नियन्त्रणका लागि 'वाक एण्ड एक्ट' मेघा अभियान



**काठमाडौं (प्रस)-** पछिल्लो समय डेंगीका बिरामी बढ्दै गएपछि नियन्त्रणका लागि काठमाडौं महानगरपालिकाले 'वाक एण्ड एक्ट' मेघा अभियान सञ्चालन गरेको छ ।

डेंगी नियन्त्रणका लागि महानगरपालिकाको ३२ वटै वडामा एकै पटक गरिएको मेघा अभियान प्रत्येक वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमार्फत गरिएको महानगरपालिकाले जानकारी दिएको छ । महानगरपालिकाको स्वास्थ्य विभागका महामारी रोग रोकथाम तथा नियन्त्रण 'फोकल पर्सन' ऋषिप्रसाद भुसालका अनुसार लामखुट्टे बस्ने स्थान नष्ट गर्ने, माइकिङ गर्ने, नगरवासीलाई सचेत गराउनेलगायत काम गरिँदै आएको छ ।

महानगरपालिकाले यसअघि नै लामखुट्टेको बासस्थान खोज र नष्ट गर् अभियान सञ्चालन गर्दै आएको छ। यसलाई थप प्रभावकारी बनाउन मेघा अभियान थालिएको उनले बताए। पानी जम्ने ठाउँमा लामखुट्टेले लार्भा बनाउने भएकाले पानी जम्न नदिन र निरन्तर सरसफाइका लागि जनचेतनामूलक अभियान अगाडि बढाइएको भुसालले जानकारी दिए ।

त्यस्तै, डेंगीको जोखिम कम गर्न र सावधानी अपनाउन समुदायमा पुगेर सचेतना जगाउने काम भइरहेको छ । भुसालले भने, 'समान्य जानकारी नहुँदा डेंगी फैलिरहेको छ। यसलाई नियन्त्रण गर्न खोज र नष्ट गर अभियान सुरु गरेका हौं ।'

महानगरपालिकाले विद्यालयमै पुगेर बालबालिकामार्फत डेंगी नियन्त्रणका लागि सचेतना कार्यक्रम गरेको छ । विशेषगरी, वर्षाको पानी जम्ने जथाभावी फालेका बोतल, टिनका भाँडा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रम, गमला, पानीका टयांकी आदिमा लामखुट्टेले फुल पार्छ ।

# तीन दशकमा माइन तथा विष्फोटनमा परी ५५१ जनाको मृत्यु



**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले बितेका तीन दशकमा माइन तथा विष्फोटनमा परी ६५१ जना प्रहरी तथा सर्वसाधारणको मृत्यु र दुई हजार ८९९ जना घाइते भएको जानकारी दिएका छन् । शुक्रबार राष्ट्रिय सभामा सांसदहरूले राखेको जिज्ञासाको जवाफ दिँदै गृहमन्त्री लेखकले २०५२ सालदेखि २०८२ को असारसम्मको सो तथ्यांक नेपाल प्रहरीलाई उद्धृत गर्दै प्रस्तुत गरेका हुन् ।

'द्वन्द्वकालीन घटनाका सम्बन्धमा मृतकका हकदारलाई १० लाख रूपैयाँका दरले राहत रकम प्रदान गरिएको छ,' गृहमन्त्री लेखकले भने, 'घाइते तथा सहिदका सन्तानलाई वार्षिक छात्रवृत्ति प्रदान, टुहुरा बालबालिकाका लागि १८ वर्षसम्म मासिक पाँच हजार रूपैयाँका दरले प्रदान गरिएको र घाइते अपांगहरूलाई प्रतिशतका आधारमा मासिकरूपमा जीवन निर्वाह भत्ता जिल्ला प्रशासन कार्यालयमार्फत प्रदान गरिँदै आएको छ ।' साथै परिपूरणसम्बन्धी अन्य व्यवस्था, उपचार खर्च, राहत तथा आर्थिक सहायतासम्बन्धी मापदण्ड, २०७९ बमोजिम सरकारको निर्णयबमोजिम हुने गरेकोसमेत उनले जानकारी दिए ।


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०५/०७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१।०८२ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ३३६ को ३२७३.१७ घनफिट काठ र साल जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कालिवन सामुदायिक वन उपभोक्ता समूह**
**बकैया -९, मकवानपुर**



**युएइमा रोजगार** कम्पनी : GOLDEN SAFETY PROPERTY GUARD SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०६ | LT. No. 317791 | चलानी नं. ६०२३२०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner | 92 | 0 | 800 | ३०.८४८ | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| 2 | Security Guard | 25 | 8 | 1200 | ४५.७२७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६



**साउदीमा रोजगार** कम्पनी : AL RUWAIBIKH TRANSPORT AGENCY FOR PASSENGER TRANSPORTATION

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 329792 | चलानी नं. ६०२४३६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Washers | 1 | 0 | 1200 | ४४,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np,
jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२



**साउदीमा रोजगार** कम्पनी : RONAQ ALPHA GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329661 | चलानी नं. ६०२४३६३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ३७,२९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com
श्रम ईजाजत नं. ५७४/०६२/०६३



**साउदीमा रोजगार** कम्पनी : AL SAMOU ROAD TRANSPORT CORPORTION

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | LT. No. 329578 | चलानी नं. ६०२४३५३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६७,१२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**NEW ALFA HR SERVICES PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74



**साउदीमा रोजगार** कम्पनी : REMA ALUMINUM PANELS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 329851 | चलानी नं. ६०२४३६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३७,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १५ गते (31st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**NABIL OVERSEAS PVT LTD.**
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023
श्रम ईजाजत नं. ३५९/०५९/०६०



**युएइमा रोजगार** कम्पनी : RAPID MOVE HEAVY EQUIPMENT RENTALS LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/०६ | LT. No. 329746 | चलानी नं.६०२४३६६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | JCB/Shovel Operator | 9 | 0 | 1500 | ५७,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com
श्रम ईजाजत नं. १६६५/०८०/८१



एआई सिर्जित तस्बिर

# पूर्ण स्तनपानको अधिकारमा आमाहरू नै बाधक

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडिएचएस) २०२२ को प्रतिवेदनअनुसार दुई वर्षसम्म पूर्ण स्तनपान गराउने आमाको संख्या ५५ प्रतिशत छ । पछिल्ला वर्षमा यो संख्यामा तुलनात्मकरूपले ह्रास आइरहेको छ । कामकाजी महिलाहरू आफ्ना नवजात शिशुलाई कामको व्यस्तताले स्तनपान गराउन पाएका छैनन् ।

**रामचन्द्र रायमाझी**/पाल्पा

तानसेन नगरपालिका-३ भगवती टोलकी शर्मिला केसीले आफ्नो छोरालाई पाँच महिना पनि पूरै दूध खुवाइनन् । निजामती सेवामा कार्यरत उनी कार्यालय जानुपर्ने भएकाले छोरा जन्मिएको चार महिनापछि एक जना हेरालुको साथमा छोडेर हिँड्नुपर्‍यो । 'कार्यालयबाट घर आउने समयको टुंगो नहुँदा छोरालाई पूरा समय आफ्नो दूध खुवाउन पाइनन् । चाहेजति दूध खान नपाएपछि छोराले आफैं खान छोडयो । ल्याक्टोजिन, डेरीको दूध, सेरलेक्स खाएरै छोरो हुर्कियो,' उनले भनिन् । आमाको दूध पर्याप्त खान नपाएकाले होला छोरोलाई सानै बिमारले पनि समाइहाल्ने केसी बताउँछिन् ।

तानसेनमा बस्दै आएकी पर्वतकी भीमा कार्कीले तीन वर्षअघि पहिलो सन्तानका रूपमा छोरीलाई जन्म दिएकी थिइन् । उनले छोरी जन्मिएको छ महिना त नियमित दूध खुवाइन् तर सात महिनापछि भने शरीर बिग्रने डरले नियमित दूध चुसाउन छाडिन् । कार्कीले डेरीबाट दूध ठेक्का लगाएर छोरीलाई खुवाइन् । 'लामो समयसम्म बच्चालाई दूध चुसाउँदा शरीर बिग्रन्छ भन्छन्, त्यसैले मैले सात महिनासम्म त म आफैं खुवाएँ, पछि डेरीबाट ल्याएर दूध खुवाएकी हुँ,' उनले भनिन् ।

रैनादेवी छहराकी मञ्जु कुँवरले पाँच महिनाको छोरोलाई माइतीमा राखेर बुटवलमा कोठा भाडा लिई लोकसेवाको तयारीमा जुटिन् । बेलाबेलामा छोरासँग जाने गरे पनि उनले पर्याप्त दूध खुवाइनन् । आमाले भैंसीको दूध खुवाउने गरेकी र आफ्नो दूध खासै नआउने हुँदा छोरालाई पूरै समय दूध चुसाउन नपाएको उनी बताउँछिन् । कुँवर भन्छिन्, 'म बिहे हुनुअघिदेखि नै लोकसेवाको तयारी गरिरहेकी थिएँ । बिहे भएपछि खासै पढ्न पाइनँ, अब अहिले उमेर पनि जान थाल्यो, त्यसैले जसरी भए पनि लोकसेवामा नाम निकाल्नुपर्छ भनेर पाँच महिनाको छोरालाई माइतीमा आमासँग राखेर तयारीमा जुटेकी छु ।'

बगनासकालीकी मनिषा बस्याल सरकारी जागिरे छिन् । उनले डेढ वर्षअघि छोरीलाई जन्म दिएकी थिइन् । छोरी जन्मिएको तीन-चार महिना त आफ्नै साथमा राखेर दूध खुवाएकी उनले पाँच महिनापछि भने परिवारको साथमा छाडेर अफिस जाने गर्न थालिन् । त्यो समयमा परिवारले बजारबाट लिएको भैंसीको दूध ती शिशुलाई खुवाउने गरे । मनिषाले भैंसीको दूध खुवाउन थालेदेखि भने आफ्नो दूध खुवाउन छाडिन् ।

यी त केही प्रतिनिधि पात्रमात्र हुन् । उनीहरूजस्तै अधिकांश कामकाजी महिलाहरू आफ्ना नवजात शिशुलाई कामको व्यस्तताले स्तनपान गराउँदैनन् । पछिल्ला वर्षहरूमा शिक्षित र सहरिया आमाहरू नै स्तनपान गराउने मामिलामा उदासीन देखिन थालेका छन् । पूर्ण स्तनपान अर्थात् छ महिना पूरा नभएसम्म आमाको दूधमात्र चुसाउनु र बच्चा छ महिना पूरा भएपछि कम्तीमा दुई वर्षसम्म आमाको दूध खुवाइराख्नुपर्ने भए पनि अधिकांश आमाहरू शरीरको सौन्दर्य बिग्रिन्छ भन्ने भ्रम र कार्य व्यस्तताले पूर्णरूपमा खुवाउन चाहँदैनन् ।

> कतिलाई स्तनपानले शरीरको सौन्दर्य बिग्रिन्छ भन्ने भ्रम छ । यो भ्रममात्र हो । स्तनपान गराउने नगराउनेभन्दा बढी सुन्दर हुन्छन् । बच्चालाई नियमित स्तनपान गराउनेको स्तन चाँडै नै पहिलैकै जस्तो सामान्य आकारमा फर्किन्छ, जुन कुरा धेरैलाई थाहा छैन ।
>
> **डा. विकासराज अधिकारी**
> बालरोग विशेषज्ञ

शरीरलाई फिट्नेस र सौन्दर्य राख्ने सौखिन महिलाहरूले आफ्ना बच्चालाई पूर्ण स्तनपान गराउने मामिलामा कमजोर देखिन्छन् । तर चिकित्सकहरू भने बच्चालाई दूध चुसाउँदैमा शरीर नबिग्रने बताउँछन् । बच्चालाई स्तनपान गराउँदा न आमाको शरीर बिग्रिन्छ न स्वास्थ्य, बरु नियमित स्तनपान गराउने आमा सुन्दर र स्वस्थ हुने तानसेनस्थित युनाइटेड मिसन अस्पतालका बालरोग विशेषज्ञ तथा बालरोग विभाग प्रमुख डा. विकासराज अधिकारी बताउँछन् । 'कतिलाई स्तनपानले शरीरको सौन्दर्य बिग्रिन्छ भन्ने भ्रम छ । यो भ्रममात्र हो । स्तनपान गराउने नगराउनेभन्दा बढी सुन्दर हुन्छन्,' उनले भने, 'बच्चालाई नियमित स्तनपान गराउनेको स्तन चाँडै नै पहिलैकै जस्तो सामान्य आकारमा फर्किन्छ, जुन कुरा धेरैलाई थाहा छैन ।'

नियमित स्तनपान गराइएका बच्चा पूर्णरूपमा स्वस्थ हुने डा. अधिकारीले बताए । नियमित स्तनपान गराउने आमाहरूमा स्तन क्यान्सर, ओभरी क्यान्सर, हाइ ब्लडप्रेसरजस्ता रोगको जोखिम नहुने उनको भनाइ छ । स्तनपान गराउँदा आमा र शिशु दुवैको आसनमा विशेष ध्यान दिन जरुरी रहेको पनि उनले बताए । शिशुलाई जन्मिएदेखि छ महिनासम्म आमाको दूधबाहेक पानीको आवश्यकता नपर्ने उनको भनाइ छ । बच्चाको शारीरिक विकासका लागि सकेसम्म आमाको दूध खुवाउनुपर्ने बताउँदै उनले काममा जानुपरेमा आमाको दूध संकलन गरेर राखेर भए पनि खुवाउन सकिने बताए ।

अहिले शल्यक्रियाबाट जन्मिएका बच्चालाई सुरुआतमा बजारको पाउडर दूध खुवाउनुपर्ने अवस्था रहेको जनाउँदै उनले यसको अन्त्य गर्न सके बच्चा र आमा दुवैको स्वास्थ्य राम्रो हुने बताए । सरकारले हरेक वर्ष जनचेतनामूलक कार्यक्रम आयोजना गर्छ, तर पर्याप्त जानकारी पाएका सचेत आमाहरू नै नवजात शिशुलाई स्तनपान गराउँदैनन् । अर्काको देखासिखी, विभिन्न भ्रामक विज्ञापनको प्रभाव र आफ्नै अहम्ले गर्दा पनि जानीजानी शिक्षित मानिएका आमाहरू नै सन्तानको स्वास्थ्यमा ध्यान दिँदैनन् । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडिएचएस) २०२२ को प्रतिवेदनअनुसार दुई वर्षसम्म पूर्ण स्तनपान गराउने आमाको संख्या ५५ प्रतिशत छ ।

क्रमशः पृष्ठ ५ मा



स्तनपान कक्ष

# 'जुरुक्क कर्णाली'मा बगेका 'आँसु र आशा'

कर्णालीमा निकै अलौकिक सांस्कृतिक र प्राकृतिक सम्पदा हुँदाहुँदै दुःख, पीडा र अभाव छन् । मान्छे मर्दा मलामीको अभाव, यार्सा बेचेर कौडीको भाउमा बेचिएको जडीबुटी र हजारौं तिरेर किन्नुपर्ने औषधिको व्यथा सिलसिलाबद्ध प्रस्तुत गर्दा कर्णाली अझै उठ्न बाँकी रहेको छ भन्ने दर्शाइरहेको थियो ।

**सिबी अधिकारी**/काठमाडौं



*'झर्‍यो भुँइमा टोपी हजुर निउरिँदा शिर...,*
*कसलाई सुनाउ, कहाँ सुनाउ हजुर कर्णालीको पीर,*
*जुनी बित्यो हाम्रो हजुर मोटरबाटो कुरी,*
*ज्यानलिन्छ भिरले हाम्रो, मन रुन्छ पीरले, कर्णाली पीरले'*

प्रज्ञा भवनको प्रेक्षालयमा कर्णालीको मार्मिक पीडा, भावना र वेदना समेटिएको यो गीत गुञ्जिँदा धेरैका आँखा रसाए । गला अवरुद्ध भए । यो प्रतिनिधि गीत केवल गीतमात्रै थिएन । कलाकार रतन देवकोटाले गाएको यस गीतले कर्णालीका दुःख, पीडा, संघर्ष र सफलताका भावनालाई बोलिरहेको थियो । हुड्केउली भाकामा पस्किएको गीतमा भोक, विदेशिएकाको व्यथा र बसाइँसराइका कथा गुथिएका छन् ।

प्रेक्षालयमा प्रधानमन्त्री केपी शर्मा ओलीसहित विशिष्ट व्यक्ति र खचाखच भरिएका दर्शकलाई कर्णालीका गाथा, व्यवस्था र विकास सम्भावना र उपलब्धि समेटिएका विविध प्रस्तुतिले मोहित तुल्यायो । सिस्नोपानी नेपालले बिहीबार प्रस्तुत गरेको 'कर्णाली जुरुक्क' ले सहभागीको ध्यानमात्रै खिचेन कर्णालीका दुःख, भोगाइ र पीडासँगै वेदनाका आँसु बगायो । त्यहाँका लागि गरिनुपर्ने जिम्मेवारीको आत्मबोध पनि गराएको आभाष भइरहेको थियो ।

साँच्चिकै जब कर्णालीको नाम आउँछ, त्यहाँ अभाव र पीडा छचल्किन्छ । भोक, अभाव र अत्यास त्यहाँको प्रतीकजस्तै बनेको छ । कर्णालीवासीले देशमा कयौं व्यवस्था बदलिए पनि त्यहाँको विम्ब बदल्न पर्याप्त प्रयास नगरिएको गुनसो गर्छन् । त्यही नबदलिएको विम्बलाई सिस्नोपानी नेपालले 'जुरुक्क कर्णाली'लाई संघीय राजधानी काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा एकपटक पुनः स्मरण गराएको छ, जसले अभाव, दुःख, पीडा र वेदनाको व्यथा बोक्ने कर्णालीमा अब सम्भावनाका ढोकाहरू खुलिसकेको सन्देश प्रवाह गरेको छ ।

गीतले भनेझैं राणाकाल र पञ्चायतकालमा नुगेको कर्णालीको शिर सक्रिय राजतन्त्रकालमा पनि उठ्न सकेन । गणतान्त्रिक नेपालमा भने विस्तारै उचो हुँदै छ ।

यहाँ प्रस्तुत गरिएका विविध प्रस्तुतिले भौगोलिकरूपमा ठूलो भए पनि राज्यले सोअनुसार बजेट व्यवस्थापन गर्न नसकेको गुनासा झल्किन्थे । पछिल्लो समय केही काम त भएका छन्, तर ती पर्याप्त नभएका र त्यसै कारण वर्षौंदेखिको अभावबाट अझै मुक्ति पाउन नसकिएको गुनासा पोखिए । कर्णाली प्रदेश घुमेर आएको सिस्नोपानी नेपालले यिनै यथार्थलाई केही भावनात्मक त केही रचनात्मक माध्यमबाट देशको प्रधानमन्त्रीलाई नै साँची राखेर प्रस्तुत गरेको थियो ।

सामान्यतयाः राजनीतिक विकृति र विसंगतिमाथि प्रहार गर्ने सिस्नोपानीले यो पटक कर्णालीको यथार्थता प्रस्तुत गर्‍यो । प्रस्तुति यति भावनात्मक र रचनात्मक थियो कि कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेललगायतका आखामा आँसु रसाए ।

कर्णालीमा निकै अलौकिक सांस्कृतिक र प्राकृतिक सम्पदा हुँदाहुँदै दुःख, पीडा र अभाव छन् । मान्छे मर्दा मलामीको अभाव, यार्सा बेचेर कौडीको भाउमा बेचिएको जडीबुटी र हजारौं तिरेर किन्नुपर्ने औषधिको व्यथा सिलसिलाबद्ध प्रस्तुत गर्दा कर्णाली अझै उठ्न बाँकी रहेको छ भन्ने दर्शाइरहेको थियो ।

यद्यपि, यो कार्यक्रमले त्यहाँको अभावमात्र देखाएको छैन समृद्धिका सम्भावनालाई उजागर गरेको छ । दैलेखको पेट्रोलखानी, जुम्लाको स्याउ र हिमालको जडीबुटी अनि 'भर्जिन' पर्यटकीय गन्तव्यबाट कर्णाली जुरुक्क उठ्न सक्छ भन्ने आशा जगाएको छ ।

सायद यिनै आशालाई देखेर होला प्रधानमन्त्री ओलीले भने, 'अब कर्णाली जुरुक्क उठ्छ र उठाउनुपर्छ । नेपाल बन्छ, बन्दै छ । कर्णाली बन्छ, बन्दै छ । सिंगै नेपाल उठ्छ, कर्णाली जुरुक्क उठ्छ ।' उनका अनुसार कर्णाली पछिल्लो समय निकै अगाडि बढेको छ । त्यहाँ सडक सञ्जालमात्र जोडिएको छैन, डाक्टर उत्पादन गर्ने मेडिकल कलेजदेखि देश विकासको नक्सा कोर्ने इञ्जिनियरिङ कलेजसम्म सञ्चालनमा आएका छन् ।

जुरुक्क कर्णालीले तीतो वास्तविकता र स्वर्णिम सम्भावनाको उजागर गरेको छ । यसले जुरुक्क कर्णाली उठ्छ भन्ने आशा पनि जगाएको छ । साथै, अब कर्णाली विकासको गति बढाउनुपर्ने सन्देश प्रवाह गरेको छ । यसबारे प्रधानमन्त्रीले भने, 'हुम्लामा मोटरबाटो पुग्यो र गाडी पनि गुडिसक्यो । अब जुम्लाको स्याउ, फाल्नु पर्दैन । बजार पाएको छ । उत्तरतिरका बाटा पनि खुलेका छन् । कर्णाली करिडोर बनेको छ ।'

कालो बादलभित्र चाँदीको घेरा देखिएझैं भौगोलिक र प्राकृतिक छटाले भरिपूर्ण अपार सम्भावना बोकेको कर्णालीमा आशाका किरण देखिएका छन् । अब विगतको कर्णाली हैन अहिलेको कर्णालीले परिवर्तनलाई बोकेर भावी पुस्ताको सम्भावनाको ढोका खोलिदिएको छ ।

त्यसैले त प्रधानमन्त्री ओली भन्दै थिए, 'अब कर्णालीका वेदनाका गीतमा परिवर्तन आउनुपर्छ ।

क्रमशः पृष्ठ ५ मा

# महिला र बालबालिका हराउने क्रम बढ्दो ५२ जनाको अवस्था अज्ञात

**बैतडी (प्रस)–** भारतसँग सीमा जोडिएको बैतडी जिल्लामा महिला र बालबालिका हराउने क्रम बढ्दै गएको छ । जिल्ला प्रहरी कार्यालयको तथ्यांक हेर्दा गएको तीन वर्षमा हराएकामध्ये ५२ जनाको अवस्था अझै अज्ञात रहेको छ ।



आर्थिक वर्ष २०७९/८० मा १०५ जना हराएकामा ९१ जना फेला परेका थिए । तीमध्ये १४ जनाको अवस्था अझै अज्ञात रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता बलराम पाण्डेयले जानकारी दिए ।

यसैगरी, आव २०८०/८१ मा ११५ हराएकामा ११३ जना फेला परेका थिए । आव २०८१/८२ मा १२२ जना हराएकामा ८६ जना फेला परेका छन् । बेपत्ता हुनेमा महिला र बालबालिकाको संख्या बढी रहेको प्रहरी प्रवक्ता पाण्डेयले बताए । गत आवमा ५५ महिला, २७ बालक, २९ बालिका र एक-एक जना ज्येष्ठ नागरिक बेपत्ता भएको प्रहरीमा निवेदन परेको थियो । तीमध्ये ८६ जना फेला परेका छन् ।

बेपत्ता भएको समयमा प्रहरीमा निवेदन दिए पनि कतिपयले फेला परेको जानकारी नदिने भएकाले पनि बेपत्ताको तथ्यांक बढ्दै गएको प्रहरीले जनाएको छ । बैतडी भारतसँग खुला सीमा भएको जिल्ला भएकाले पनि धेरैजसो भारततर्फ जाने र उतै बस्ने गरेका छन् । सामाजिक सञ्जालको दुरूपयोगलगायत कारणले पनि बेपत्ता मानिसको संख्या बढ्दै गएको प्रहरीको भनाइ छ ।

प्रहरीले बेलाबेलामा समस्या परेका नागरिकको उद्धार पनि गर्दै आएको छ । गत आवमा पाँच महिला, दुई बालक र तीन बालिकाको उद्धार गरी आफन्तको जिम्मा लगाइएको प्रहरीको भनाइ छ । ललाइफकाइ र आफैं पनि सानै उमेरमा भारत जान खोज्ने बालबालिकाको सीमानाकाबाट उद्धार गर्ने गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# बसाइँसराइले रित्तिदै म्याग्दीका गाउँ



**म्याग्दी–** जिल्लाबाट वार्षिक २५० परिवारका दरले अन्यत्र बसाइँसराइ गरेर जाने गरेका छन् । स्थानीय तहका पञ्जीकरण शाखाको अभिलेखअनुसार जिल्लाभरका पालिकामा बसाइँसराइ गरेर आउने परिवारको संख्या भने वार्षिक १०० को हाराहारीमा छ । बढ्दो बसाइँसराइका कारण ग्रामीण क्षेत्रको सामाजिक, सांस्कृतिक, विकास गतिविधिमा असर पर्नुका साथै विद्यालयमा विद्यार्थी अभाव हुन थालेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा म्याग्दीका स्थानीय तहमा ८९ परिवार बसाइँसराइ गरेर आउँदा २४७ परिवारले थातथलो छाडेर अन्यत्र गएका छन् । आव २०८०/८१ मा २५२ परिवार बसाइँसराइ गरेर जाँदा आउने परिवारको संख्या १०० भएको स्थानीय तहको पञ्जीकरण शाखाको अभिलेखमा उल्लेख छ ।

गत वर्ष बसाइँसराइ गरेर आउनेहरूको परिवार संख्या बेनी नगरपालिकामा ४५, धवलागिरिमा तीन, मालिकामा आठ, मंगलामा १९, रघुगंगामा चार र अन्नपूर्णमा १० छ । बेनीबाट ६५, धवलागिरिबाट २३, मालिकाबाट ३९, मंगलाबाट ५५, रघुगंगाबाट २१ र अन्नपूर्णबाट ४४ परिवारले बसाइँसराइ गरेर अन्यत्र गएका छन् ।

म्याग्दी बहुमुखी क्याम्पस समाजशास्त्र विषयका प्राध्यापक गोरखबहादुर जिसीले गण्डकी प्रदेशको म्याग्दी, स्याङ्जा र पर्वत जिल्लाको बसाइँसराइ उल्टो रहेको बताए । 'गाउगाउँमा पुगेको सडक, विद्युत्, खानेपानी, सञ्चार सुविधाले मानिसलाई रोक्न सकेको छैन,' उनले भने, 'रोजगारी र आयआर्जन अवसरको खोजीमा गाउँबाट सहर र सुविधा भएको ठाउँमा मानिस बसाइँसराइ गर्ने क्रम बढेको हो ।'

विसं २०७८ मा भएको जनगणनाको नतिजाअनुसार म्याग्दीको २५ हजार ३७४ घरमा २९ हजार २४२ परिवारका एक लाख सात हजार ३७२ जनसंख्याको बसोबास छ । विसं २०६८ मा म्याग्दीको कूल जनसंख्या एक लाख १३ हजार ६४१ जना थियो । विशेष गरेर ग्रामीण क्षेत्रमा युवा उमेर समूहका उत्पादनशील जनशक्ति नहुँदा विवाहमा जन्ती, मृत्युमा मलामी जानेहरू प्रौढ र वृद्धहरू बढी देखिन थालेका धवलागिरि गाउँपालिका-४ का चित्र पुनले बताए । 'खेतीबाली लगाउन अर्मपर्म गर्ने चलन हरायो,' उनले भने, 'खेतीयोग्य जमिन बाँझिएको छ । आयातीत खाद्यान्नमा निर्भरता बढेको छ ।'

जन्मदर कम भएको र गाउँमा भएकाले पनि आर्थिक हैसियत बढेपछि छोराछोरी पढाउन बजार झर्ने क्रमसँगै विद्यार्थी संख्या घटेको अन्नपूर्ण गाउँपालिका-७ को टिकोट माविका प्रधानाध्यापक प्रदीप पुनले बताए । कक्षा १० सम्म पठनपाठन हुने उक्त विद्यालयमा करिब ५० जनामात्र विद्यार्थी छन् ।

म्याग्दीबाट कास्कीको पोखरा, हेम्जा, काठमाडौं, चितवन, बुटवल र तनहुँमा बसाइँसराइ गरेर जाने गरेका छन् । सम्पन्नहरूले बजारमा घरघडेरी किनेर झरेका छन् भने विपन्नहरू काम र मामका लागि बजार झर्ने क्रम देखिएको प्राध्यापक जिसीले बताए । 'शिक्षालाई उत्पादन र रोजगारीमा नजोड्ने हो भने म्याग्दीको जनसंख्या घट्ने र बसाइँसराइ बढ्ने दर अझै बढ्दै जाने छ,' उनले भने, 'विकासलाई रोजगारी र सम्भावनालाई आयआर्जनसँग जोड्न आवश्यक छ ।'

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले विकास गाउँतिर केन्द्रित भएको समयमा त्यसको उपभोग गर्ने जनसंख्या भने सहरबजार झर्ने र विदेसिने अवस्था चुनौती रहेको बताए । विकास आयोजनामार्फत रोजगारी सिर्जना, कृषि र पर्यटनमा जोड दिएको उनले बताए । *रासस*

## विकट गाउँको दुःख

# बर्खामा सडक नचल्दा खाद्यान्न ढुवानीमा समस्या

**ढोरपाटन (बागलुङ)–** जिल्लाको सबैभन्दा विकट मानिने निसेलढोरमा बर्खामा सडक सञ्चालन नहुँदा खाद्यान्न ढुवानीमा समस्या भएको छ । जिल्लाको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङबाट सात वर्ष अगाडि सडक सञ्जालले जोडिए पनि बर्खाको समय गाडी नचल्दा ढुवानी र यात्रा गर्न समस्या भएको हो । एक दशक अगाडिसम्म निसेलढोरमा बर्खामामात्र निसीबाट वस्तुभाउ लिएर स्थानीय बसोबास गर्ने गर्थे भने अहिले बाह्रै महिना स्थायीरूपमा बस्नेको संख्या बढेको छ ।

अहिले बर्खामा १०० र हिउँदमा झण्डै १५० घरपरिवार निसेलढोरमा बसोबास गर्ने गर्छन् । आर्थिक वर्ष २०७६/७७ मा ढोरपाटनबाट मोटरबाटोले निसेलढोर जोडिएको थियो । निसीखोला गाउँपालिका-५ मा पर्ने निसेलढोर पर्यटकीय हिसाबले निकै सम्भावना बोकेको भए पनि अप्ठयारो सडकका कारण पर्यटक फाट्टफुट्टमात्र पुग्ने गरेका छन् । बर्खामा यातायात सञ्चालन नहुँदा हिउँदै खाद्यान्न जोहो गरेर राख्नुपर्ने अवस्था रहेको स्थानीय सम्झना विकले बताइन् ।

ढोरपाटन नगरपालिका-९ को नवी, भुजीहुँदै मसखोलासम्म सडक राम्रो भए पनि त्यसभन्दा माथि सडक भासिने, हिलो हुने हुँदा गाडी नै गुड्न नसक्ने उनको भनाइ छ । सडक खुलेको यतिका वर्षसम्म सुधार गर्न नसक्दा यहाँका सयौं स्थानीयले बर्खामा सास्ती खेप्नुपरेको विकले गुनसो पोखिन् । गाडी नचल्दा बजारबाट सामान मान्छेले बोकेर ल्याउनुपर्ने बाध्यता रहेको उनले सुनाइन् ।

विकले भनिन्, 'बर्खा किन लाग्दो हो भन्ने हुन्छ, न गाडी चल्छन्, न घोडा खच्चड नै हिँड्न पाउँछन्, बजारबाट सामान ल्याएर उपभोग गर्न साह्रै समस्या छ, हाम्रो समस्या सरकारले सुन्दै सुनेन, यस्तो विकट ठाउँमा छौं, एक बोरा चामल ल्याउन दिनभर लाग्छ, गाउँमा कोही सिकिस्त बिरामी भए डोकामा बोकेर लैजानुपर्ने बाध्यता छ, यति सडक बने त सजिलो हुने थियो ।'

निसेलढोरमा आलु, स्याउ र सिमीलगायत कृषिजन्य उत्पादन राम्रो हुने तर सडकको दुरावस्थाका कारण बजारीकरणका लागि समस्या हुने गरेको स्थानीय कुले विकले बताए । गाउँमा सडक आएपछि हिउँदमा मान्छेले र घोडाले बोकेरै सामान ढुवानी गर्नुपर्ने बाध्यता कम भएको भन्दै चार किलोमिटर सडक व्यवस्थित बनाउन सके बाह्रै महिना निसेलढोरमा गाडी चल्ने उनी बताउँछन् । असारदेखि कात्तिकसम्म सडक नचल्दा यहाँ उत्पादन भएको वस्तु कुहिने जोखिम रहेको विकको भनाइ छ ।

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले यस वर्ष मसखोलाबाट निसेलढोरसम्मको चार किलोमिटर सडक स्तरोन्नतिका लागि सर्भे गरिसकेको बताए । गण्डकी प्रदेश सरकारले विनियोजन गरेको ७० लाख रूपैयाँले सडक स्तरोन्नति गरी बाह्रै महिना यातायात सञ्चालन हुने उनको भनाइ छ । सडकले निसेलढोरवासीको दैनिकीमा परिवर्तन ल्याएको भन्दै अब बर्खामा पनि समस्या नहुने अध्यक्ष घर्तीमगर बताउँछन् ।

'निसेलढोर भौगोलिकरूपमा अलि पछाडि छ, तर पनि हामीले यसलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं, पहिले यहाँ सडक थिएन, पिउनेपानी थिएन, अहिले पानीको पनि सुविधा छ, सडक बर्खामा अलिकति सञ्चालन हुनसकेको छैन,' अध्यक्ष घर्तीमगरले भने, 'अब यसलाई व्यवस्थित गरेर बाह्रै महिना सञ्चालन गर्छौं, त्यसपछि स्थानीयले यहाँको उत्पादनलाई सहजरूपमा बजार पठाउन सक्ने छन् भने यात्रा र ढुवानीका लागि सहज हुने छ ।' *रासस*

पृष्ठ ४ बाट क्रमशः

## पूर्ण स्तनपानको...

पछिल्ला वर्षमा यो संख्यामा तुलनात्मकरूपले ह्रास आइरहेको छ । कामकाजी महिलाहरू आफ्ना नवजात शिशुलाई कामको व्यस्तताले स्तनपान गराउन पाएका छैनन् । ग्रामीण भेगका आमाहरू स्तनपानको महत्त्व र पर्याप्त ज्ञानको अभावमा आफ्ना सन्तानको पूर्ण स्तनपानको अधिकार खोसिरहेका छन् । विश्वव्यापीरूपमा चासो, चिन्ता र सरोकारको विषय मानिएको स्तनपानको महत्त्व र गरिमालाई पछिल्लो समय शिक्षित पुस्ताले नै ओझेलमा पार्दै गइरहेका छन् ।

### सरकारी कार्यालयमा छैनन् स्तनपान कक्ष

तानसेनस्थित जिल्ला प्रशासन कार्यालय पाल्पा अत्यधिक सेवाग्राहीको भीड हुने कार्यालयमा पर्दछ । मंगलबार पनि नागरिकता बनाउन आउने र राहदानीको फोटो र फाराम भर्नेको लाइन छिचोल्न मुस्किलजस्तै थियो । त्यही भीडमध्ये काखे नानी च्यापेर गोलघरमा मंगलबार पालो पर्खने आमाहरू पनि थिए । बाहिर पानी परिरहेको थियो, काखमा निदाइरहेका नानीलाई सम्हाल्न मुस्किल देखिन्थ्यो । उनीहरूलाई स्तनपान कक्ष जिल्ला प्रशासन कार्यालयको भवनमा छ भन्ने जानकारी थिएन । कार्यालय परिसरमा स्तनपान कक्ष स्थापना गरिएको भए पनि सेवाग्राहीले सहजै देख्न सक्ने ठाउँमा नहुँदा प्रयोगविहीनजस्तै छ ।

यहाँका चार पालिका अझै स्तनपान कक्षविहीन छन् । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा हरेक सार्वजनिक निकायमा अनिवार्य स्तनपान कक्षको व्यवस्था उल्लेख भए पनि अहिलेसम्म जिल्लाका चारवटा पालिकाले स्तनपान कक्ष स्थापना गर्न सकेका छैनन् । जिल्लाका १० वटा पालिकामध्ये निस्दी गाउँपालिका, पूर्वखोला गाउँपालिका, रिब्दीकोट गाउँपालिका, रैनादेवी छहरा गाउँपालिकामा स्तनपान कक्ष स्थापना गरिएको छैन । ती पालिकाले साँघुरा ठाउँका कारण स्तनपान कक्ष स्थापना गर्न नसकेको जनाएका छन् ।

निस्दी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रेमबहादुर दिशाले पालिकामा ठाउँ अभावका कारण सबै कर्मचारी कोचिएर काम गर्नुपर्ने अवस्था रहेकाले स्तनपान कक्ष स्थापना गर्न कोठाको अभाव रहेको गुनासो गरे । उनले भने, 'अहिले हामीले पोषणमैत्री वडा घोषणाको तयारी गरिहेका छौं । त्यसका लागि प्रत्येक वडाहरूमा स्तनपान कक्ष निर्माणको काम भइरहेको छ । अब छिट्टै पालिका भवनमा पनि जग्गाको व्यवस्था गरेर स्तनपान कक्ष स्थापना गर्ने योजना छ ।' उता पूर्वखोला गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत स्टार्फ नर्स चन्द्रा चलाउने पनि कोठाकै अभावमा स्तनपान कक्ष स्थापना गर्न नसकिएको बताउँछन् ।

यता रिब्दीकोट गाउँपालिका र रैनादेवी छहरा गाउँपालिकाले पर्याप्त ठाउँ हुँदा पनि स्तनपान कक्ष निर्माणमा ध्यान दिएका छैनन् । यहाँ बनाएका केही पालिकामा भने व्यवस्थित छैनन् । रम्भा गाउँपालिकामा स्तनपानका लागि भनेर कक्ष स्थापना गरे पनि व्यवस्थित छैन । यहाँ पर्दाले बारेर राखिएको छ । कोठा अभावका कारण स्कुलको एउटा कोठालाई बारेर कक्ष स्थापना गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख शिवप्रसाद अर्याललले बताए । माथागढी गाउँपालिकामा पनि सेवाग्राहीले सहजै देख्न र जान सक्ने अवस्थामा छैन । यहाँ साँघुरो कोठा र अँध्यारो भएकाले व्यवस्थित गर्न नसकिएको स्वास्थ्य शाखा प्रमुख केशव जिसीले बताए ।

दूधेबालक च्यापेर हिँड्नुपर्ने बाध्यतामा रहेका महिला सेवाग्राहीलाई स्तनपान कक्षको व्यवस्था हुँदा निकै सहज हुने सेवाग्राही बताउँछन् । पालिकामा सेवा लिन जाँदा खुला स्थानमा असहजरूपमा स्तनपान गराउनुपर्ने बाध्यता रहेको रिब्दीकोट सिरुखर्ककी शान्ता बरालले बताइन् । यहाँका तानसेन नगरपालिका, रामपुर नगरपालिका, तिनाउ गाउँपालिका, बगनासकाली गाउँपालिका, माथागढी गाउँपालिका र रम्भा गाउँपालिकाले मात्रै स्तनपान कक्ष स्थापना गरेका छन् ।

सरकारी कार्यालयमा सेवा लिन आउँदा काखेनानी लिएर आउने महिलाले दूध खुवाउन सहजताका लागि स्तनपान कक्ष निर्माण गर्नुपर्ने ऐन जारी भएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ अनुसार सरकारी, गैरसरकारी, वा निजी संघसंस्थाले कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि पनि स्तनपान कक्षको व्यवस्था गर्नुपर्ने ऐनमा स्पष्ट व्यवस्था छ तर पाल्पामा सेवाग्राहीको भीडभाड हुने सार्वजनिकस्थलमा स्तनपान कक्षको स्थापना गरेर स्तनपानलाई संरक्षण तथा संवर्द्धन गर्ने काम भएको देखिँदैन । *रासस*

## जुरुक्क कर्णाली...

'रेलको बाटो पुग्दै छ रे तिमी बस्ने सहरैमा...हुम्ला कहिले मोटर आउला रहरैमा' गीतले भनेझैँ अब हुम्लामा बाटो पुगिसकेको छ, मोटर पनि गुडिसक्यो । सिटामोलको अभावमा पनि पर्नु पर्दैन । विद्यार्थी तुइन चडेर स्कुल जानु पनि पर्दैन । सडक कालोपत्रे हुँदै छन् ।'

प्रधानमन्त्री ओलीले कर्णाली जुरुक्क कार्यक्रमले कर्णालीको विकासका लागि हौसला दिने र आशाको दियो बाल्ने खालको रहेको तर भएका विकास र प्रगतिका कुरा अझै समेटिनुपर्नेमा जोड दिए । उनले भने, 'कर्णालीको स्याउले अब बजार पाउँछ । अब सबै सदरमुकामसहित हुम्लामा 'पिच' बाटो पनि जान्छ । मोटरबाटो चढी जाउँला रारा घुम्नजस्ता गीतहरू अब यथार्थ भइसकेका छन् । कर्णालीमा हामीले विश्वविद्यायल, स्वास्थ्य प्रतिष्ठान, कर्णाली करिडोर, हुम्ला जोड्ने बेलिब्रिज, रंगशाला आदि बनाइसकेका छौं ।'

प्रधानमन्त्री ओलीले सरकारले गच्छेअनुसार कर्णालीको विकासका लागि उच्च प्राथमिकता दिने विश्वास पनि दिलाए । 'मैले पहिला ग्यास र खानी उत्खनन्को कुरा गर्दा उडाउनेले दैलेखमा मिथेन ग्यासको भण्डार पत्ता लागिसकेको नदेख्न सक्छन्, तर कर्णाली त्यतिसारो बैगुनी हुनसक्दैन । अब हामीले यार्सागुम्बाको निर्यात गर्नतिर पनि लाग्नेछौं ।'

प्रस्तुतिको दौरानमा कलाकार शिशिर योगीको कर्णाली पारि छैन खेतबारी...रुखो छ टारी...! बोलको गीतले सबैलाई मन्त्रमुग्ध बनायो । जुरुक्क कर्णाली बोलको गीतबाट सुरु भएको कार्यक्रममा आकर्षक मयूर नाच, हास्यकलाकार सुवोध गौतमले चित्रबहादुर केसीको भूमिकामा प्रस्तुत गरेको व्यंग्य, शिशिर योगीको कर्णाली पारि छैन खेतबारीजस्ता प्रस्तुतिले सबैको मन जितेको थियो ।

कवि माधव चौलागाईंको कर्णालीसम्बन्धी शब्दचित्र, कवि अर्जुन पराजुलीको 'कर्णाली छ, कर्णाली छैन' शीर्षकको कविताले सबैलाई मोहित तुल्यायो । प्रस्तुतिको अन्त्यमा चर्चित हास्यकलाकार मनोज गजुरेलको आर्टिफिसियल इन्टेलिजेन्ट (एआई)को आकर्षक र रोमाञ्चित वार्तालाभको प्रस्तुतिले हललाई हाँसो र तालीको वर्षा गराएको थियो । कलाकार टंक आचार्य र कवि धीरेन्द्र प्रेमर्षिको संयुक्त गीतले बेग्लै रौनकता प्रदान गरेको थियो । *रासस*


**साउदीमा रोजगार** — कम्पनी : AL DIYAR AL TAYYIBA INTERNATIONAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 329767 | चलानी नं. ६०२४३६३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Consturuction Worker | 1 | 0 | 1100 | ४१,०२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६७,१२३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**मलेसियामा रोजगार** — कम्पनी : GCH RETAIL SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०६ | LT. No. 323063 | चलानी नं. ६०२३७०२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 1 | 0 | 1700 | ५६,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67



**कतारमा रोजगार** — कम्पनी : QUEENS BEAUTY CENTRE AND SPA WLL

पूर्व स्वीकृति मिति : २०८१/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०६ | LT. No. 320926 | चलानी नं. ६०२४३६५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 1700 | ६५,३४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 0 | 1 | 1500 | ५७,६५५ | | | | | | | |
| 3 | Dry Cleaning Labour | 0 | 1 | 1100 | ४२,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम इजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



**कतारमा रोजगार** — कम्पनी : ORIANTO CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०६ | LT. No. 324584 | चलानी नं. ६०२३८५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist (Female) | 0 | 2 | 1500 | ५७,६५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 3 | 0 | 1000 | ३८,४४० | | | | | | | |
| 3 | Dry Cleaning Worker | 3 | 0 | 1000 | ३८,४४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
श्रम इजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



**अमादब्लम मिनि हाईड्रो लि.**
काठमाडौं महानगरपालिका-४, काठमाडौं

**विशेष साधारण सभाको सूचना (आ. व.२०८२/०८३)**

**शेयरधनी महानुभावहरू,**
**अमादब्लम मिनि हाईड्रो लि.**

मिति २०८२/०५/०४ गते बसेको यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयाअनूसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, स्थान तथा समयमा निम्न विषयहरूमा छलफल गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि अनूरोध गरिएको छ ।

**विशेष प्रस्तावहरू**
१. रजिष्टरर्ड कार्यालय रहने ठेगाना परिबर्तन गर्ने सम्बन्धमा ।
२. नियमावलीको नियम १० संसोधन सम्बन्धमा ।
३) विविध ।

**विविध प्रस्तावहरू:**
**विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी**
१. विशेष साधारण सभाको सूचना तथा संक्षिप्त प्रतिवेदन प्रत्येक शेयरधनीको उपलब्ध ठेगानामा हुलाक/कुरियर/इमेल/मेसेन्जर मार्फत पठाइने छ । विशेष साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।
२. साधारण सभामा उपस्थित हुँदा प्रवेशपत्र वा शेयर प्रमाणपत्र लिई उपस्थित हुन अनुरोध गरिन्छ ।
३. शेयरधनी महानुभावहरूको उपस्थिती पुस्तिकामा दस्तखत गर्ने शेयरधनी पुस्तिका बिहान ११:३० बजे देखि खुल्ला गरिनेछ ।
४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा सुरु हुन भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय कामकाजको समयमा दर्ता गराई सक्नु पर्ने छ ।

**साधरण सभा/कार्यक्रम**
**स्थान** : काठमाडौं महानगरपालिका-४, काठमाडौं
**मिति** : २०८२/०५/२४ गते
**समय** : दिनको १:०० बजे

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनीको सचिव**



**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०५/०७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१।०८२ मा उत्पादन भएको, आन्तरिक खपतको लागि छुट्याएकोमा खपत नभएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान २०९ को २५५३.७३ घनफिट काठ र साल जातको दाउरा २.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कालेश्वर सामुदायिक वन उपभोक्ता समूह**
**बकैया -८, मकवानपुर**

## 'मनैमा सानुमाया' फिमेल भर्सनमा

भिजुअल आर्ट्स स्टुडियो र टौवा स्टुडियोको सहकार्यमा निर्माण भएको गीत 'मनैमा सानुमाया' को फिमेल भर्सन 'हासी हासी लजाउने' सार्वजनिक भएको छ । टिकटक लगायत सामाजिक सञ्जालमा अत्याधिक रूचाइएको गीत दर्शक तथा श्रोताको माया र अत्यधिक मागपछि निर्माण टिमले गायिका समीक्षा अधिकारीको स्वरमा नयाँ भर्सन ल्याएको हो । सार्वजनिक गीतमा समीक्षा अधिकारीको स्वर, एसडी योगीको संगीत र राम अविरल विष्टको शब्द छ ।





फ्राइडे रिलिज

# 'माग्ने राजा', 'जनै हराएको मान्छे' र 'ताराहरू'बीच भिडन्त

■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबारबाट तीन नयाँ नेपाली फिल्म प्रदर्शनमा आएका छन् । फिल्म हुन् 'माग्ने राजा', 'जनै हराएको मान्छे' र 'ताराहरू' । फ्राईडे रिलिजको परम्परा धान्दै यी फिल्म प्रदर्शनमा आएका हुन् ।

साउनमा प्रदर्शनमा आएका तीन फिल्म मध्ये 'रियल रिङ्गेट', 'सिटामोल'ले राम्रो दर्शक पाउन नसकेको यथार्थ बाहिर आउँदा आउँदै पनि एकसाथ तीन फिल्म भिड्न तयार भएका हुन् । तिजको छेको पारेर प्रदर्शनमा आएका तीनै फिल्मले राम्रो व्यवसाय गर्ने दाबी निर्माण पक्षको छ ।

एकसाथ रिलिज भएको तीन फिल्म सर्सती हेर्दा सबै फरक कथामा रहेको देख्न सकिन्छ । तीन फिल्म कमेडी, सपना र संघर्षको फरक फरक कथामा बनेको छ । तीन फिल्म एकअर्कोसँग भिड्दा व्यावसायिक असर देखिने भएपनि दर्शकलाई आफ्नो रोजाइको फिल्म छान्ने अवसर भने प्रदान गर्नेछ ।




### माग्ने राजा

ऋषि लामिछाने निर्देशित 'माग्ने राजा'ले एक साधारण गाउँले युवाको धनी बन्ने सपनालाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्छ । हास्य कलाकार केदार घिमिरे 'माग्ने बूढा'ले पहिलो पटक मुख्य भूमिकामा अभिनय गरेको फिल्म दर्शकमाझ प्रतीक्षित छ । फिल्मको ट्रेलरमा केदार घिमिरे विभिन्न अवतारमा देखिएका छन् ।

फिल्ममा वर्षा सिवाकोटी, विल्सनविक्रम राई, शिशिर बाङ्देलजस्ता कलाकारहरूको पनि अभिनय छ भने आर्यन सिग्देल विशेष भूमिकामा देखिनेछन् । फिल्मले विना मिहिनेत पैसा कमाउने प्रवृत्तिको आलोचना गर्दै सामाजिक सन्देश दिने निर्माण पक्षको दाबी छ । फिल्मका लेखक सामीप्य राज तिमिल्सेना हुन् । फिल्मलाई कलाकार तथा जनप्रतिनिधि मुनाल घिमिरेले निर्माण गरेका हुन् ।

### जनै हराएको मान्छे

हिमाल न्यौपाने निर्देशित यो फिल्म 'जनै हराएको मान्छे'ले गाउँबाट सहर पसेको एक युवाको सपना, सङ्घर्ष र सम्बन्धको कथा भन्छ । विजय बरालको केन्द्रीय भूमिका रहेको फिल्ममा केकी अधिकारी, मिरुना मगर, गौरव पहारी, भोलाराज सापकोटा जस्ता कलाकारको समेत अभिनय छ । भानुभक्त ढकालको कथा, पटकथा तथा संवाद रहेको यो फिल्मले सहरिया जीवनको यथार्थ र सम्बन्धको जटिलतालाई पर्दामा देखाउनेछ । फिल्मका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् ।

### ताराहरु

आशान्त शर्मा निर्देशित फिल्म 'ताराहरू'ले सहरिया निम्नमध्यमवर्गीय परिवारको कथालाई प्रस्तुत गर्छ । आफ्नो सपना र आकाङ्क्षा पूरा गर्न सङ्घर्षरत एक अधबैंसे व्यक्तिको कथामा केन्द्रित फिल्मले मानसिक द्वन्द्व र त्यसबाट पार पाउन गरिने प्रयासलाई देखाउनेछ । फिल्मले गलत निर्णयले जीवनमा ल्याउने उथलपुथल र मित्रताले देखाउने सही मार्ग नै फिल्मको मूल कथा हो । मेनुका प्रधान, कुन्दुन शाक्य, मीरा खड्का लगायत कलाकारहरूको समेत फिल्ममा अभिनय छ । फिल्मका निर्माता गोपीनी सेढाई र कृष्णप्रसाद पङ्गेनी हुन् ।

# 'जनै हराएको मान्छे'लाई दर्शकको साथ



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू' बुबालाई देखाउन कलाकारले अनुरोध गरेका छन् । चलचित्र बाबुछोराको भावनात्मक कथामा बनेको भन्दै दर्शकलाई कलाकारहरू यस्तो अनुरोध गरेका हुन् ।

कलाकार विजय बराल, केकी अधिकारी, मिरुना मगर, गौरव पहाडी, भोलाराज सापकोटा लगायत फिल्म कलाकार शुक्रबार उपत्यकाको लाबिम महल, सिटी स्क्वायर, सिभिल महल, एफक्युब लगायत हलमा पुगेर दर्शकसँग साक्षत्कार समेत गरेका छन् ।

उक्त अवसरमा दर्शकले फिल्मले बुवाआमालाई सम्झाएको, नोस्टाल्जिक बनाएको प्रतिक्रिया दिएको अभिनेता विजय बरालले बताए ।'चलचित्रले बुबाआमाको खुसीका लागि छोराले गर्ने संघर्षको कथा छ', बिजयले भने 'सायद यो भन्दा ठूलो उपहार बुबाका लागि अर्को के होला र ।'

अभिनेत्री केकीले छोरीहरूले चाहेर पनि बुवा, भाइ तथा माइतीका लागि केही गर्न नसक्ने फिल्मले देखाएको बताइन् ।'हाम्रो समाजमा कति आफ्नै आर्थिक अवस्था कमजोर हुँदा र कतिपय अवस्थामा सामाजिक परिवन्धले माइतीलाई सहयोग गर्ने अवस्था हुँदैन,' केकी भन्छिन्, 'जनै हराएको मान्छेमा बुवासँग कसरी छोरी छुटेर टाढा पुग्छिन् र भाइसँगको सम्बन्ध कस्तो रहन्छ भन्ने देखाइएको छ ।'

अभिनेत्री मिरुना मगरले चलचित्रले समाजको यथार्थ चित्रण गरेको बताइन् । चलचित्र सबैले आफ्नो कथामा भएको महसुस गर्ने बताइन् ।

चलचित्रले शुक्रबार दर्शकको राम्रो साथ पाउनुका साथै उत्कृष्ट प्रतिक्रिया समेत पाएको छ । चलचित्र हेरेका दर्शकले बुबाआमालाई सम्झाएको र भावुक बनाएको प्रतिक्रिया दिएका छन् ।

चलचित्रमा विजय, केकी, मिरुनाको अलवा शुशांक मैनाली, भोलाराज सापकोटा, गौरव पहाडी, रियर राई, भावना खपांगी मगर, रूपेश लामा, सुमन थापालगायतको अभिनय छ ।

हिमाल न्यौपाने निर्देशित चलचित्रका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् । कार्यकारी निर्मातामा नारायण तिमिसिना, चुडामणि सिवाकोटी, आरके मानन्धर, सीआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन रहेका छन् ।



'टप एन्ड टी-२०' सिरिज

# पाकिस्तान शाहीन्ससँग नेपाल पराजित

## सेमिफाइनल यात्राबाट बाहिरियो



■ प्रभाव संवाददाता

**काठमाडौं–** अष्ट्रेलियामा जारी टप एण्ड ट्वान्टी-२० शृंखलाअन्तर्गत शुक्रबार भएको खेलमा नेपाल पाकिस्तान शाहीन्ससँग एक रनले पराजित भएको छ ।

अष्ट्रेलियाको डार्विनस्थित मरारा क्रिकेट ग्राउण्ड २ मा भएको खेलमा टस जितेर पहिला ब्याटिङ रोजेको पाकिस्तान शाहीन्सले नेपाललाई जितका लागि १४५ रनको लक्ष्य दिएको थियो । जवाफमा नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १४३ रनमा समेटियो ।

नेपालका लागि कप्तान रोहित पौडेलले ५२ रन बनाए । उनले ४४ बलमा ६ चौका र एक छक्का प्रहार गर्दै ५२ रन बनाएका हुन् । त्यसैगरी दीपेन्द्रसिंह ऐरीले ४१, आसिफ शेखले २७ तथा लोकेश बमले १० रन बनाए । बलिङतर्फ पाकिस्तान शाहीन्सले मोहमद वासिम र फैसल अक्रमले समान दुई/दुई विकेट लिए भने मोहमद सलमानले एक विकेट झारे ।

त्यसअघि पाकिस्तान शाहीन्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १४४ रनको योगफल बनाएको थियो । पाकिस्तान शाहीन्सका कप्तान इरफान खानले सर्वाधिक ४२ रनको योगदान दिए । उनले २६ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै ४२ रन बनाएका हुन् । त्यसैगरी मोहमद वासिमले २३, अबदुल समादले २६ तथा यासिर खानले १८ रन जोडे ।

नेपालका सोमपाल कामीले तीन विकेट लिए भने नन्दन यादव र दीपेन्द्रसिंह ऐरीले समान दुई/दुई विकेट लिए । त्यसैगरी कुशल भुर्तेलले एक विकेट झारे । यसअघि पाँच खेल खेलेको नेपालले तीन खेलमा हार तथा दुई खेलमा जित हासिल गरेको थियो । नेपाल नर्दन टेरिटोरी स्ट्राइकरसँग ४२, बंगलादेश 'ए' सँग ३२ र मेलबर्न स्टार्स एकेडेमीसँग ३१ रनले पराजित भएको थियो ।

नेपालले होबर्ट हुरिक्यान्स एकेडेमी विरुद्ध ६६ र मेलबर्न रेनेगेड्स एकेडेमी विरुद्ध ३३ रनको जित निकालेको थियो । यस हारसँगै ६ खेलमा चार अंक जोडेको नेपाल प्रतियोगिताबाट बाहरिएको छ ।

साफ यू-१७ च्याम्पियनसिप

# सहाराको सानदार प्रदर्शनसँगै नेपालको पुनरागमन जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** सहारा लिम्बूको उत्कृष्ट प्रदर्शनसँगै नेपालले दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-१७ महिला च्याम्पियनसिपमा भुटानविरुद्ध पुनरागमन जित निकालेको छ ।

भुटानको चाङ्लिमिथाङ रङ्गशालामा शुक्रबार भएको खेलमा नेपालले भुटानलाई २-१ गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । यस जितसँगै दुई खेल खेलेको नेपालले तीन अङ्क जोडेको छ । पहिलो खेलमा भारतसँग नेपाल ७-० ले पराजित भएको थियो ।

यता भुटानको भने यो लगातार दोस्रो हार हो । भुटान पहिलो खेलमा बङ्गलादेशसँग ३-१ ले पराजित भएको थियो ।



शुक्रबार खेलको पहिलो हाफमा १-० गोलले पछि परेको नेपालले खेलको ५८औं मिनेटमा बराबरी गोल फर्कायो । नेपालको लागि साहरा लिम्बूले गोल गरिन् । त्यसअघि खेलको ४२औँ मिनेटमा भुटानका लागि कुन्डेन सोनाम शेगेलले गोल गरेकी थिइन् । खेलको ७७औँ मिनेटमा साहराले नै गोल गर्दै नेपाललाई २-१ को अग्रता दिलाइन् । त्यसपछि खेलमा गोल हुन सकेन र अन्ततः नेपाल विजयी भयो ।

# १२औं उदयपुर-चुलेण्डी फुटसल असोजमा

**काठमाडौं (प्रस)–** आगामी असोज १७ गतेदेखि '१२औं उदयपुर-चुलेण्डी फुटसल प्रतियोगिता' आयोजना हुने भएको छ । आयोजक श्री भीमसेन स्थान युवा क्लबले शुक्रबार एक सूचना जारी गर्दै ओखलढुंगा मानेभञ्ज्याङ गाउँपालिका-५ उदयपुरको वाल्लीबरपुम खेलमैदानमा खेल आयोजना हुने जानकारी दिएको हो । आयोजक भीमसेन स्थान युवा क्लबकी अध्यक्ष मञ्जु माया राईका अनुसार महानचाड वडादशैं तथा दीपावलीको अवसरमा असोज १७ गतेदेखि २० गतेसम्म(चार दिन) उक्त खेल आयोजना गरिएको जानकारी दिइन् ।

'स्वास्थ्यका लागि खेलकुद-एकताका लागि खेलकुद भन्ने नाराका साथ फुटसल खेल आयोजना गरेका छौं,खेलमार्फत गाउँको विकास होस', उनले भनिन्, 'युवाहरूले पनि आफ्ना प्रतिभा प्रस्फुटन गरून् भन्ने हाम्रो लक्ष्य छ,यो खेलका लागि खेलप्रेमीहरू उत्सुक हुनुहुन्छ भन्ने हाम्रो अपेक्षा छ ।'

उनका अनुसार प्रथम पुरस्कार ६५ हजार साथमा सिल्ड, मेडल र प्रमाणपत्र,द्वितीय पुरस्कार ४० हजार साथमा सिल्ड, मेडल र प्रमाणपत्र, उत्कृष्ट दुई टिमलाई ५/५ हजार दिइने छ । उत्कृष्ट खेलाडी,सर्वाधिक गोलकर्ता र गोल रक्षकलाई पनि उचित पुरस्कारको व्यवस्था गरिएको उनले जानकारी दिइन् । टिम दर्ता शुल्क ४ हजार रूपैंया तोकिएको छ । डिपोजिट शुल्क एक हजार तोकिएको छ । असोज ५ गतेदेखि १७ गते बिहान १२ बजेसम्म टिम दर्ता खुला रहने छ । उक्त खेलको स्थापना २०७० सालबाट सुरु भएको हो ।

अघिल्लो वर्षसम्म चुलेण्डी गोल्डकप नामबाट खेल आयोजना गरिएको थियो भने गत वर्ष खेलको नाम परिमार्जन गरिएको छ । खेल आयोजनाको लागि मानेभञ्ज्याङ-५ वडा कार्यालयको आर्थिक सहयोग रहेको छ भने व्यवस्थापन समितिमा उदयपुर-चुलेण्डी फुटसल मूल व्यवस्थापन समिति रहेको छ ।

# झापा जिल्ला गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धि आदेश, २०८१ अनुसार समितिको कार्यालयबाट हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

**मिति २०८२ भदौ ०६ गते समितिको निर्णय अनुसार**

झापा जिल्ला साविक महारानीझोडा गा.वि.स. हाल गौरादह नगरपालिका वडा नं. ४ र ५ मा विशेष नापी कार्यालय झापा, दमक बाट मिति २०७३/०३/०५ देखि नाप नक्साको काम प्रारम्भ गरि आ.ब.२०७४/०७५ मा नाप नक्सा सम्पन्न भई मिति २०७६/०६/१० गते ७ दिने सूचना प्रकाशित भई म्याद भित्र जग्गाधनिहरूले आफ्नो नाममा जग्गा दर्ता गरि पाँऊ भनि निवेदन गरेको र मिति २०८१/०४/२४ गते नेपाल राजपत्रमा प्रकाशित "झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गत को जग्गा दर्ता सम्बन्धि आदेश, २०८१" को बुँदा नं. ६ (क) बमोजिम तपशिलका जग्गाधनि र जग्गाको विवरण समावेश गरि हक दावी सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको छ।

प्रकाशित सूचना बमोजिम निवेदकको माग निवेदन अनुसार जग्गा दर्ता गर्न मिल्ने हो/होईन ? निवेदकको नाममा जग्गा दर्ता गरिदिए अन्य कसैको हक भोगमा असर पर्छ/पर्दैन ? उल्लेखित जग्गा साविक लगत अनुसार निवेदकको नाम मा दर्ता हुन पर्ने हो/होईन ? प्रस्तुत जग्गा सरकारी/सार्वजनिक ऐलानि/पर्ति पर्छ/पर्दैन ? निवेदकको नाममा जग्गा दर्ता गरि जग्गाधनि प्रमाण पुर्जा उपलब्ध गराउन नहुने अन्य कुनै कारण/प्रमाण भए तथा उक्त जग्गाहरूको हक भोग सम्बन्धमा कुनै विवाद भएमा आवश्यक प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र समितिको कार्यालयमा उपस्थित भई हकदावि गर्न सबैमा जानकारी गरिएको छ। तोकिएको म्याद भित्र कोहि कसैको दाबि बिरोध नपरे तपशिलमा उल्लेखित निवेदक जग्गाधनिहरूको नाममा प्रचलित कानून र जग्गादर्ता सम्बन्धि आदेश, २०८१ बमोजिम जग्गा दर्ता भई जाने व्यहोरा अनुरोध छ।

| सि. नं. | जग्गाधनिको नाम थर | बाबु | बाजे पति | वडा नं. | कित्ता नं. | क्षे.फ. (बर्ग मिटर) | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | नि.द.नं. | साबिक सिट गौरादह |
| १ | मोहन प्रसाद पाठक | ज्ञाय नाथ पाठक | जय प्रसाद पाठक | ५ | ३३२६ | २३७५.४८ | १४४२ | ८ (ग) सा.कि.न.१६२७ |
| २ | लक्ष्मी प्रसाद पाठक | ज्ञाय नाथ पाठक | जय प्रसाद पाठक | ५ | ३३२७ | २७११.२७ | १४४१ | ८ (ग) सा.कि.न.१६२७ |
| ३ | दुर्गा देवि दाहाल र पुजन पाठक | गंगा प्रसाद दाहाल र पुन्य प्रसाद पाठक | ज्ञाय नाथ पाठक र पुन्य प्रसाद पाठक | ५ | ३३२९ | २७०९.०५ | १६६१ | ८ (ग) सा.कि.न.१६२७ |
| ४ | तारा नाथ पाठक | ज्ञाय नाथ पाठक | जय प्रसाद पाठक | ५ | ३३३० | २७०९.०५ | १६६२ | ८ (ग) सा.कि.न.१६२७ |
| ५ | मेदनी प्रसाद पाठक | ज्ञाय नाथ पाठक | जय प्रसाद पाठक | ५ | ३३३१<br>३३२८ | ३५५५.७६<br>२३७०.४२ | १२४६<br>१४२१ | ८ (ग) सा.कि.न.१६२७ |
| ६ | क्षितीज कार्की | चन्द्र बहादुर | खगेन्द्र कार्की | ५ | १६६६ | २६५.८९ | १३६० | ८ (ङ) सा.कि.न.२११२ |
| ७ | भक्त बहादुर खड्का | भक्त बहादुर खड्का | छत्र बहादुर खड्का | ५ | २०५८ | ४३२५.४ | २७४ | ८ (ग) सा.कि.न.२५८५ |
| ८ | टंक प्रसाद ढकाल | दधिराम | अमृतलाल | ५ | १४७१ | ३३१.८११ | १३६२ | ८ (ङ) सा.कि.न.२६५३ |
| ९ | नारायण श्रेष्ठ | दल बहादुर | बिर बहादुर | ५ | १४२७ | १९४.०० | १३६९ | ८ (ङ) सा.कि.न.२७२८ |
| १० | घनेन्द्र राज श्रेष्ठ | शिबलाल श्रेष्ठ | धन सुन्दर श्रेष्ठ | ५ | ३३५५ | ९.८ | १३६८ | ८ (ङ) सा.कि.न.२७२३ |
| ११ | नेत्र कुमारी काफ्ले | तारा नाथ काफ्ले | शक्ती बल्लभ | ५ | ३००५ | ८९७.१६८ | १३४८ | ३ (क) ९९६ |
| १२ | नुर मोहमद मिया | दुखी मिया | | ५ | ५०० | २१६४.२२ | १०५७ | ३ (क) १३८९ |
| १३ | धन कुमारी खड्का | गौरीनाथ आचार्य | पति: खड्ग बहादुर खड्का | ५ | ३३७८ | १६९३.२५ | १२०३ | ३ (ख) ७९८ |
| १४ | गणेश प्रसाद ढकाल | कुल प्रसाद ढकाल | धर्मानन्द ढकाल | ५ | ३२० | १३१७.१०७ | ८५६ | ३ (क) ५१३ |
| १५ | तेज नाथ पोख्रेल | कृष्ण प्रसाद पोख्रेल | राधाकृष्ण | ५ | ३३११<br>३३०२ | १९३८.७०<br>६७८०.२६ | १५४९ | ३ (क) ४६१<br>१०८६ |
| १६ | हिमा देवी पोख्रेल | हरि प्रसाद भण्डारी | पति: मेघराज पोख्रेल | ५ | ४८५ | ६२३.३९६ | १५२३ | ३ (क) ४६३ |
| १७ | चित्र बहादुर चौहान | कृष्ण बहादुर चौहान | मान ध्वज चौहान | ५ | २६९७<br>११७८ | ३३८.८८<br>७४७.५३ | १८१७ | ३ (ख) ७५२ |
| १८ | राजकुमारी राई बाबा चाम्लिङ्ग | परशुराम राई | पति:भक्त बहादुर राई पति: जिवन कुमार राई | ५ | १२१२ | ६७७.२३ | १३४८ | १ (क) ३८६<br>३८५ |
| १९ | शिवराम बस्नेत | कृष्ण बहादुर बस्नेत | बिर बहादुर बस्नेत | ५ | ३३३६ | १२६९.९१ | ८२१ | ३ (क) १५९६<br>१५९८ |
| २० | देवी माया बस्नेत | छत्र बहादुर खड्का | पति: कृष्ण बहादुर बस्नेत | ५ | ३३४० | ११२.४३ | १७२४ | ३ (क) १६९८<br>१७०१ |
| २१ | खगेन्द्र बस्नेत | कृष्ण बहादुर बस्नेत | बिर बहादुर बस्नेत | ५ | ३३३७ | १२५५.३१ | ६१७ | ३ (क) १६९९<br>१६९६ |
| २२ | युवराज बस्नेत | कृष्ण बहादुर बस्नेत | बिर बहादुर बस्नेत | ५ | ३३३५ | ९९२.४४ | ११०८ | ३ (क) १५८७<br>१५८४ |
| २३ | तिर्थ बहादुर बस्नेत | कृष्ण बहादुर बस्नेत | बिर बहादुर बस्नेत | ५ | ३३३८<br>३३३९ | ९११.९३<br>२३०.३० | ८४३ | ३(क) १७००<br>१६९७ |
| २४ | रणजित बस्नेत | कृष्ण बहादुर बस्नेत | बिर बहादुर बस्नेत | ५ | ३३३४ | २७३८.४८ | १०८५<br>७६८<br>१४१ | ३ (क) १५७९<br>१५८१<br>१५८३<br>१५८६<br>१८६३<br>1861 |
| २५ | सविता कार्की मनिका कार्की | टंक नाथ रिजाल हस्त बहादुर कार्की | पदम बहादुर कार्की | ५ | १२४२ | ३०८६.६७१ | १३३१ | ३(ख)७५७ |
| २६ | गणेश बहादुर बिष्ट | भिम बहादुर बिष्ट | श्रीमान बिष्ट | ५ | १२८५ | १०७८२.५२ | १३१९ | ३ (ख) ८०७ |
| २७ | लेखनाथ निरौला | धनपती निरौला | लक्ष्मण निरौला | ५ | ५३५ | १०९२.३६९ | १२८० | ३ (क) ९३२<br>९३६ |
| २८ | तुलसा देवी दाहाल | गजाधर पौडेल | पति: मदुसुदन दाहाल | ५ | ३३९४ | १६९१.०१ | २०३ | ३ (क) १३२६ |
| २९ | बेदमाया दाहाल | मधूसुधन दाहाल | राम चन्द्र दाहाल | ५ | ३३९५ | १६९०.९९ | २०५ | ३ (क) १३२५ |
| ३० | यमुना देवी न्यौपाने | चित्र प्रसाद न्यौपाने | पतिःदेवी प्रसाद भट्टराई | ४ | ६४८८ | १६९३.१५ | २५५७ | १ (ख)५९२ |
| ३१ | कमला देवी भट्टराई | अवि नारायण न्यौपाने | पतिःप्रेम प्रसाद भट्टराई | ४ | ६४८९ | ८८०.४१ | २२८४ | १ (ख) ५९२ |
| ३२ | सिता राम कोइराला | रुद्र प्रसाद कोइराला | अग्नि प्रसाद | ४ | ६४९३<br>६५४ | ११९४.०३<br>७६५.१० | १४२ | १ (ख) ५९५,४८० |
| ३३ | शोभा ढकाल | हरि प्रसाद ढकाल | पतिःबच्चु कैलास कोइराला | ४ | ६५०० | ८८३.९७ | ५४३ | १ (ख) ५९५ |
| ३४ | रुद्र प्रसाद कोइराला | अग्नि प्रसाद | लिलावल | ४ | ६५०१<br>६५०२<br>६५६ | १४१३.२<br>२९२१.७७<br>८४२.५९ | २४६१,<br>१६७ | १ (ख) ५९६,<br>४८० |
| ३५ | मेनुका देवी कोइराला | रुद्र प्रसाद कोइराला | पतिःगणेश प्रसाद भण्डारी | ४ | ६५०३ | ६७७.२५ | २५२६ | १ (ख)५९६ |
| ३६ | वविता चौधरी | सोनेलाल चौधरी | पतिःकातिक गिरी | ४ | ६५७८ | २३९.८७ | ३१६१ | १ (ख)५१७ |
| ३७ | अंजना परियार | हस्त वहादुर परियार | पतिःप्रताप सिं परियार | ४ | ६५७६ | ३१२. | २५१७ | १ (ख) ५१७ |
| ३८ | अम्बिका कार्की | सेर व. कार्की | पतिःमेघ व. कार्की | ४ | ६५७७ | ३९७.९९ | २५४३ | १ (ख) ५१७ |
| ३९ | कृष्ण कुमारी लिम्बु | पुर्ण वहादुर पोमु लिम्बु | पतिःकृष्ण वहादुर लिम्बु | ४ | १०५६ | ३६७४.३६ | १८६३ | १ (ख) ९२० |
| ४० | हर्क वहादुर तामाङ्ग | ज्ञान वहादुर तामाङ्ग | दोर्जे | ४ | २११ | ९०२७.५३ | ६८० | १ (ख) १११७ |
| ४१ | जोसेफ लावती | नन्द प्रसाद लावती | दिल वहादुर | ४ | १७९२<br>१७४५ | ४९५३.३३<br>८२३.०५ | १३९९ | १ (ख) १०५७<br>१०५८ |
| ४२ | कृष्ण माया तामाङ्ग | रण बहादुर तामाङ्ग | पतिःराम बहादुर तामाङ्ग | ४ | ६५०८<br>६५१० | १०४९.७४७३०१३.९०६ | ३४४७ | ९ (ख) ११११११०२ |
| ४३ | रन बहादुर तामाङ्ग | दल बहादुर तामाङ्ग | गोपाल सिंह तामाङ्ग | ४ | ६५०९<br>६५११ | ७४०.३६६२५७२.५५३ | २०३२ | ९ (ख) ११११११०२ |
| ४४ | राधा देवी मिश्र | राम कुमार पौडेल | पतिःराम नाथ मिश्र | ४ | ६५४१<br>६५४२ | ५१४.०८५११७९.०८१ | ७०१ | ९ (ख) १०५३ |
| ४५ | राम नाथ मिश्र | मधुसुदन मिश्र | गोपिचन्द्र मिश्र | ४ | ६५४३ | ५०७९.५०९ | ७०२ | ९ (ख) १०५३ |
| ४६ | भक्ति माया तामाङ्ग | अगम बहादुर तामाङ्ग | पतिः मेघराज तामाङ्ग | ४ | ६५४४ | ११४५.६४८ | २५५६ | ९ (ख) १०५४ |
| ४७ | सारदा साद दर्जी | प्रभुराम पाँचकोटी | पतिः दयाराम दाश दर्जी | ४ | ९५६ | १९२९.२ | २५८२ | १ (ख) ५५६,५५७ |
| ४८ | उर्मीला गुरागाई | हर्क वहादुर कटुवाल | पतिःरत्न वहादुर गुरागाई | ४ | ६०० | ३६५४.५७ | २५८६ | १ (ख) ४६७ |
| ४९ | रत्न बहादुर दहाल | अम्मर बहादुर दहाल | मन ब. दाहाल | ४ | ३११४ | ८८९३.२८५ | २८३० | ८ (ख) सा.कि.न.१३४७<br>१३४८ १३४५ |
| ५० | धन बहादुर श्रेष्ठ | नर बहादुर | मान ध्वज | ४ | ३४६९<br>३४८० | १३३९०.७८२<br>७४३६.२९५ | ३४६९<br>३४८० | ८ (ख) सा.कि.न.१४४१<br>१४४२ २६२१<br>२६२३ |
| ५१ | गोमा चिमरिया | दधिराम चिमरिया | पतिःजय प्रसाद चुडाल | ४ | २९१९ | १०४८२.९३६ | २८८९ | ८ (ग) सा.कि.न.२२९९ |
| ५२ | जय प्रसाद चुडाल | नरपति चुडाल | भोनुलाल | ४ | २९१८ | ९७३५.६४५ | २८८८ | ८ (ग) सा.कि.न.२२९९ |
| ५३ | टेक बहादुर सुवेदी | नारयण बहादुर सुवेदी | सल बहादुर सुवेदी | ४ | २८६१ | १९६३.५९१ | १५५५ | ८(ङ) सा.कि. नं.२१६६ |
| ५४ | डिक बहादुर कार्की | मान बहादुर कार्की | भक्त बहादुर कार्की | ४ | २८५० | ३१३७.९३ | २५४८ | ८ (ङ) सा.कि.नं. २१५६ |
| ५५ | यसोदा अधिकारी | विरेन्द्र अधिकारी | लाल बहादुर | ४ | २२५३ | १३६७.२२ | १३२३ | ९ (क) सा.कि.नं. ५३८ |
| ५६ | भद्र कुमारी कठायत अधिकारी | मिन बहादुर कठायत | विरेन्द्र अधिकारी | ४ | २२५४ | ३२५३.१७ | १३२४ | ९ (क) सा.कि.नं. ५३९ |
| ५७ | भागवत घिमिरे | गुरू प्रसाद घिमिरे | पदम लाल घिमिरे | ४ | २३०५ | ४६७७.७३ | १०९४ | ९ (क) सा.कि.नं. १३३६ |
| ५८ | अनिरुद्र धमला | श्रिवेलास धमला | चम्पाखर धमला | ४ | २३१३ | ६६१७.३०७ | २४७० | ९ (क) सा.कि.नं. ४६४ |
| ५९ | देवि बहादुर कार्की | चन्द्र बहादुर कार्की | लक्षुमण कार्की | ४ | २२३६ | १५५८०.१४९ | ३२१२ | ९ (क) सा.कि.नं. ७३२ |
| ६० | टंक बहादुर खत्री | धर्मसिंह खत्री | प्रभुराम खत्री | ४ | ३८९१ | १८२२१.७ | २३५२ | ९ (क) सा.कि.नं. ९७२,९७३ |
| ६१ | डम्वर बहादुर कार्की | नर बहादुर कार्की | लक्षुमण कार्की | ४ | २२९८ | ६३९९.४९७ | २७०० | ९ (क) सा.कि.नं. ४५९ |
| ६२ | विमला देवी ओझा | प्रेम प्रसाद ओझा | पति: राजेन्द्र सिग्देल | ४ | २२४० | ५००८.२४ | २५५४ | ९ (क) सा.कि.नं. ५३० |
| ६३ | राजेन्द्र सिग्देल | डिल्ली राम सिग्देल | भवानी शंकर सिग्देल | ४ | २२३९ | ५१९५.२६ | २४३८ | ९ (क) सा.कि.नं. ५३१ |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९५२०० | प्रति तोला - ० | प्रति तोला - २३१० |



**तरकारी खेती** | दाङको घोराही उपमहानगरपालिका-१६ स्थित तेरौटेमा व्यावसायिक रूपमा गरिएको तरकारी खेतीमा विषादी छर्किँदै ।

*तस्बिर : कुलदीप न्यौपाने/रासस*

लगानी बोर्ड बैठक

## आठ अर्ब ८४ करोड बराबरको लगानी स्वीकृत

■ प्रभाव संवाददाता




**काठमाडौं-** लगानी बोर्डको बैठकले ५४ मेगावाट उत्पादन क्षमताको तल्लो अप्सुवा जलविद्युत् परियोजनाका लागि रु आठ अर्ब ८४ करोड बराबरको लगानी स्वीकृत गरेको छ । लगानी बोर्डको कार्यालयका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार शुक्रबार सम्पन्न बोर्डको ६५औं बैठकले उक्त निर्णय गरेको हो ।

बैठकले आठ सय मेगावाट क्षमताको पश्चिमसेती जलविद्युत् परियोजनाको परियोजना विकास सम्झौताको मस्यौदा तयारी, वित्तीय ढाँचालगायतका विषयमा विकासकर्तासँग छलफल गरी बोर्डमा प्रस्ताव पेस गर्ने कार्यका लागि प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा वार्ता समिति गठन गर्ने निर्णयसमेत गरेको छ ।

प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा सम्पन्न उक्त बैठकले पाँचखाल विशेष आर्थिक क्षेत्रको विकास तथा सञ्चालनसम्बन्धी परियोजना र काठमाडौं-हेटौंडा-वीरगञ्ज पोडवे परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन पेस गर्न तथा सर्वेक्षण अनुमतिपत्र प्रदान गर्ने अख्तियारी लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई दिने निर्णय गरेको छ ।

त्यसैगरी, नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको विद्युत् प्रसारण लाइनको नयाँ रुट 'अलाइनमेन्ट'को सम्भाव्यता तथा वातावरणीय अध्ययन गर्नका लागि प्रवर्द्धक कम्पनी कर्णाली ट्रान्समिसन कम्पनी प्रालिलाई सहमति प्रदान गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री तथा बोर्डका उपाध्यक्ष विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल, नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठलगायत उच्चपदस्थ अधिकारीहरूको उपस्थिति थियो ।

## ग्यास भण्डारको उत्पादकत्व निर्धारण गर्न अनुरोध

■ प्रभाव संवाददाता

**काठमाडौं-** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले दैलेखमा भेटिएको प्राकृतिक ग्यासको भण्डारको उत्पादकत्व निर्धारण गर्न चीन सरकारको सहयोगका लागि 'जिटुजी' मार्फत अनुरोध गरिएको बताएका छन् ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसदको प्रश्नको जवाफ दिँदै उहाँले भण्डारको उत्पादकत्व निर्धारण गर्न उत्पादन परीक्षणसम्म आवश्यक पर्ने भएकाले सो कार्य पनि चीन सरकारकै सहयोगमा सम्पन्न गर्न सो अनुरोध पठाइएको जानकारी दिए ।

विसं २०८१ माघमा चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा चार हजार १३ मिटर ड्रिलिङ सम्पन्न गरिएको थियो । सो कार्यमा संलग्न चाइना जियोलोजिकल सर्भेबाट प्राप्त प्रारम्भिक प्रतिवेदनअनुसार हालको ड्रिलिङ साइटमा करिब एक सय १२ दशमलव एक अर्ब घनमिटर प्राकृतिक ग्यास (मिथेन) रहेको अनुमान गरिएको छ ।

त्यसैगरी खानी तथा भूगर्भ विभागको तथ्यांकानुसार जाजरकोट, दैलेख र अछामसहितका विभिन्न स्थानमा काइनाइट र तुर्मालिनलगायतका महत्त्वपूर्ण पत्थरी धातुहरू रहेको प्रष्ट भएको छ । ती धातुहरूको औद्योगिकीकरण तथा व्यापारीकरणका लागि सरकार प्रयत्नशील रहेको मन्त्री भण्डारीको भनाइ छ । आर्थिक वर्ष २०८१/८२ मा सुर्खेतको वीरेन्द्रनगरस्थित भूकम्प मापन केन्द्र परिसरमा जेमोलोजी तथा मिनरलोजी ल्याब स्थापना गरी काट्ने र चम्काउने उपकरण जडान गरिएको छ । उनले भविष्यमा यसलाई विस्तार गर्दै व्यवसायीलाई सीप हस्तान्तरण गरी मूल्य अभिवृद्धि गरेर निकासी गर्ने प्रबन्ध मिलाउन सरकार क्रियाशील रहेको बताए ।

यसैगरी नेपाल सरकारले निजी क्षेत्रसँग सहकार्य गरेर पूर्वी र पश्चिमी नेपालमा पत्थरी धातु संकलन केन्द्र स्थापना गर्ने बाह्य निकासी हुने दररेटमै संकलन गर्न व्यवसायीलाई उत्प्रेरित गर्नुका साथै अन्तरराष्ट्रियस्तरको जेम प्रशोधन केन्द्र स्थापनाका लागि पहल गर्ने योजना रहेको बताए ।

## अलैंचीको निर्यात दोब्बरले बढ्यो

**भद्रपुर (झापा)** - मेची भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना साउनमा अलैंची निर्यात ९९ दशमलव ५० प्रतिशतले बढेको छ । कार्यालयको तथ्यांक अनुसार गत साउन महिनामा रु ३२ करोड १७ लाख ६१ हजार बराबरको अलैंची निर्यात भएको हो । गत एक महिनाको अवधिमा २१६ दशमलव १५ मेट्रिक टन अलैंची निर्यात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए । अघिल्लो आव २०८१/८२ मा रु १६ करोड १२ लाख ५२ हजार बराबरको अलैंची निर्यात भएको उनले बताए ।

कार्यालयको तथ्यांकअनुसार चालु आवको साउन महिनामा चिया निर्यात २६ दशमलव ८० प्रतिशतले घटेको छ । सो अवधिमा रु ३७ करोड ४८ लाख २४ हजार बराबरको चिया निर्यात भएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा रु ५१ करोड २२ लाख ७८ हजार बराबरको चिया निर्यात भएको सूचना अधिकारी हुमागाईंले जानकारी दिए । कार्यालयको तथ्यांकअनुसार निर्यात हुने मुख्य वस्तुहरूमा भेनियर सिट ३० दशमलव ४० प्रतिशत, छुर्पी ९२ प्रतिशत, धातुका अन्य अवशेष शत् प्रतिशत, काउली, ब्रोकाउली र बन्दाकोपी ८९ प्रतिशतले वृद्धि भएको छ ।

यसैगरी, प्लाइउड ५४ दशमलव १० प्रतिशत, अदुवा ५७ दशमलव ४० प्रतिशत, अम्रिसो शून्य दशमदव ६० प्रतिशतले निर्यातमा कमी आएको छ । मेची भन्सारबाट आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा रु तीन अर्ब ६९ करोड ४० लाख २३ हजारको मालवस्तु निर्यात भएको छ ।

आत्महत्या समस्याको समाधान होइन

आत्महत्याका प्रमुख कारण:

- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु, सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार आदि ।

रोकथामका उपाय:

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

'एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## चाइना एक्जिम बैंकको एजेन्टमा सानिमा बैंक

■ प्रभाव संवाददाता




**काठमाडौं-** चीनको एक्स्पोर्ट एण्ड इम्पोर्ट बैंक अफ चाइना (एक्जिम) ले सानिमा बैंक लिमिटेडलाई नेपालका लागि एजेन्ट बैंकको रूपमा नियुक्त गर्ने सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौता अनुसार सानिमा बैंकले मनाङ मर्स्याङ्दी हाइड्रोपावर प्रा.लि. (१३५ मेगावाट) र लाङटाङ भोटेकोशी हाइड्रोपावर प्रा.लि. (१२० मेगावाट) गरी दुई जलविद्युत् आयोजना वित्तीय सहजीकरण तथा मध्यस्थकर्ताको भूमिकामा रहनेछ ।

चीनस्थित एक्जिम बैंकको सिचुआन शाखामा आयोजित विशेष कार्यक्रममा सम्झौतामा हस्ताक्षर भएको हो । सानिमा बैंकतर्फबाट प्रमुख निक्षेप अधिकृत हेम राज सञ्ज्याल र एक्जिम बैंकतर्फबाट सिचुआन शाखाकी उपाध्यक्ष लिऊ फाङ ले हस्ताक्षर गरेका हुन् । कार्यक्रममा सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डे, एक्जिम बैंकका अध्यक्ष चेन रोङलिङ तथा कुन्मिङ इन्टरनेशनलका अध्यक्ष लि सेङ समेत उपस्थित थिए ।

समारोहमा बोल्दै प्रमुख कार्यकारी अधिकृत पाण्डेले सानिमा बैंकलाई एजेन्ट बैंकको रूपमा विश्वासपूर्वक छनोट गरेकोमा आभार व्यक्त गरे । उनले यस सहकार्यले अन्तर्राष्ट्रिय व्यापारिक सम्बन्ध विस्तार गर्ने, ऊर्जा, जलविद्युत् र व्यापार पूर्वाधारका क्षेत्रमा महत्वपूर्ण टेवा पुर्‍याउने बताए । पाण्डेले यस सम्झौता नेपाललाई दिगो विकासतर्फ अघि बढाउन महत्वपूर्ण योगदान गर्ने अपेक्षा व्यक्त गरे ।

त्यसैगरी एक्जिम र मुख्य लगानीकर्ता कम्पनीका प्रतिनिधिहरूले दुवै आयोजना समयमै सम्पन्न गर्न सहजीकरण गर्ने संयुक्त प्रतिबद्धता व्यक्त गरे । उनीहरूले यी परियोजनाबाट प्राप्त अनुभवले भविष्यमा अन्य ठूला परियोजनामा सहकार्य गर्ने मार्ग खोल्ने विश्वास पनि व्यक्त गरे ।

सानिमा बैंकका अनुसार यी परियोजनाका लागि हालसम्मकै ठूलो परिमाणमा चिनियाँ मुद्राको अन्तरदेशीय कारोबार नेपालमा भित्राइएको छ । यसले बैंकको कार्यक्षमता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साख वृद्धि गर्ने मात्र नभई देशको ऊर्जा उत्पादन, पूर्वाधार निर्माण र दिगो आर्थिक विकासमा दीर्घकालीन योगदान पुर्‍याउने देखिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ